म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २६ सोमबार, ९ भदौ २०८२ ने. सं. ११४५ गुँल्लागा 25 August 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## कार्कीखोलाले बगाएका विनोद बम्जनको शव राप्ती खोलामा फेला

हेटौंडा, ८ भदौ/मकवानपुरगढी गाउँपालिका-२ तल्लोछापका २५ वर्षीय विनोद बम्जन कार्कीखोलाले बगाएको दुई दिनपछि मृतअवस्थामा फेला परेका छन् । भदौ ६ गते दिउँसो ३:३० बजे बम्जन गढी-७ सुकौरा तल्लोछापस्थित पसलबाट घर फर्कने क्रममा कार्की खोलामा हालिएको ह्युमपाइप तर्दै गर्दा आकस्मिकरुपमा खोलाको बहाव बढेपछि बगाएको थियो । उनको खोजतलास जारी राखेको प्रहरीटोलीले भदौ ८ गते दिउँसो १:४० बजे मनहरी गाउँपालिका-९ ज्यामिरेस्थित राप्तीखोलाको बगरमा बम्जनको शव फेलापारेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । शवलाई प्रहरीले उठाएर आवश्यक मुचुल्का कार्य सम्पन्न गरी हेटौंडा अस्पतालको शवगृहमा राखिएको हो । अस्पतालमा पुगेकी मृतककी बहिनी सम्झना बम्जनले दाजुको बाँया कान सानो भएको आधारमा सनाखत गरेको प्रहरीले जनाएको छ । यस घटनाबारे थप कानुनी कारबाही अघि बढाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

### मकवानपुरको थाहा नगर 'पूर्णसंस्थागत सुत्केरी नगरपालिका घोषित'

# प्रदेशमै थाहानगरको स्वास्थ्य क्षेत्रमा उल्लेखनीय कार्यः मुख्यमन्त्री बानियाँ

साझाकुरा संवाददाता



हेटौंडा, ८ भदौ/ मकवानपुरको थाहा नगरलाई पूर्णसंस्थागत सुत्केरी नगरपालिका घोषित गरिएको छ । पूर्ण संस्थागत सुत्केरी पालिका घोषणा हुनेमा थाहा नगरपालिका मकवानपुरको पहिलो र प्रदेशको दोस्रो पालिका हो ।

आइतबार एक कार्यक्रमका बीच नगरपालिकालाई पूर्णसंस्थागत सुत्केरी नगरपालिका घोषणा गरिएको हो । बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले नगर पालिकालाई पूर्णसंस्थागत सुत्केरी नगरपालिका घोषणा गरेका हुन् । घोषणासभालाई सम्बोधन गर्दै मुख्यमन्त्री बानियाँले पूर्णसुत्केरी पालिका घोषणा हुनुमा महिला स्वास्थ्यस्वयंसेवीका तथा स्वाथ्यकर्मीको मेहनतबाट सम्भव भएको बताए । प्रदेशको स्वास्थ्यक्षेत्र सुधारको लागि दत्तचित्त भएर लाग्ने प्रतिबद्धता उनले व्यक्त गरेका छन् ।

उत्तरीक्षेत्रको स्वास्थ्य, शिक्षा, पर्यटन र सडक विकासमा प्रदेश सरकारले उच्चप्राथमिकतामा राख्ने मुख्यमन्त्री बानियाँले बताए । मकवानपुर जिल्लामा मात्र नभई बागमती प्रदेशमै थाहा नगरपालिकाले स्वास्थ्यक्षेत्रमा उल्लेखनीय कार्य गरेको उनले दाबी गरे । मुख्यमन्त्री बानियाँले विकटक्षेत्रका जनतालाई जिल्लाको अन्य भूभागसँग जोड्ने र स्थानीयको जीवनस्तर उकास्न प्रदेश सरकार प्रयत्नरत रहेको बताए । रुट निर्धारण गरी 'रुपचन्द्र विष्ट थाहा मार्ग' नामकरण सहित प्रदेश सरकारको अधिकार प्रयोग गर्दै मार्ग निर्माणका लागि आवश्यक बजेटको व्यवस्थापन गर्ने उनको भनाई छ । यो कार्य नगरपालिका तथा सम्बन्धित ३ वटा गाउँपालिकासँग समन्वय गर्दै अघि बढाउने र सबै पालिकाको पूर्णसहमति लिएर मार्ग निर्माण प्रक्रिया अघि बढाउने उनले बताए ।

'प्रदेश सरकारको पहलमा थाहा नगरपालिकालाई कैलाश, राक्सिराङ र मनहरी गाउँपालिकासँग जोड्ने गरी 'रुपचन्द्र विष्ट थाहा मार्ग' निर्माण गर्नेछौं,' उनले भने, 'विकटक्षेत्रका जनतालाई जिल्लाको अन्य भूभागसँग जोड्ने र स्थानीयको जीवनस्तर उकास्ने उद्देश्यले प्रदेश सरकारले सम्बन्धित पालिकासँग समन्वय गरेर मार्ग निर्माणको काम अघि बढाउँछौं ।' थाहा नगर पालिका ऐतिहासिक र विचारशील व्यक्तित्व रुपचन्द्र बिष्टसँग गहिरो रुपमा जोडिएको उनले बताए । रुपचन्द्र विष्टले समानता, समान अवसर र प्रजातन्त्रमा गहिरो विश्वास राख्ने गरेको मुख्यमन्त्री बानियाँले बताए । रुपचन्द्र बिष्टको दर्शन आज पनि सान्दर्भिक रहेको उनले बताए । उनका अनुसार गाउँमुखी, जनमुखी, सेवामुखी, न्यायमुखी, र विकासमुखी अभियान अन्तर्गतको सरकारले विकास र सेवाका योजना सफलतापूर्वक कार्यान्वयन गर्नेछ ।

कार्यक्रममा नेकपा एमालेका मुख्यसचेतक महेश बर्तौलाले थाहाले स्वास्थ्यक्षेत्रमा प्रशंसायोग्य कार्य गरेको बताए । यसैगर प्रदेशका स्वास्थ्य मन्त्री किरण थापाले स्वास्थ्य मन्त्रालयले मातृ तथा नवजात शिशु मृत्युदर घटाउन बर्थिङ सेन्टर स्थापना गर्नुको साथै हवाई उद्दार गरिएको बताए । नागरिकलाई सहज ढंगले उपचार पाउन भन्दै बागमती प्रदेश सरकार अगाडि बढेको बताउँदै उनले प्रदेशभित्रका अस्पताललाई सुधार गर्दै प्रदेशभरका प्रत्येक वडामा बर्थिङ सेन्टर स्थापना गर्दै सुरक्षित सुत्केरीको अभियानमा प्रदेश सरकार लागि परेको र सुत्केरी आमालाइ हवाइ उद्दार कार्यक्रम प्रदेश सरकारले सुरु गरेको बताए ।

पछिल्लो ६ वर्षयता नगरपालिकाभित्रका सबै गर्भवती आमाले स्वास्थ्यसंस्थामै बच्चा जन्माएको र पूर्णसंस्थागत सुत्केरी घोषणाका सबै सूचक पूरा भएपछि नगरपालिकालाई पूर्णसंस्थागत सुत्केरी नगरपालिका घोषणा गरिएको स्वास्थ्य शाखाप्रमुख मेघराज बलामीले बताए । आर्थिक वर्ष २०८१/८२ को अवधिमा पालिकाभर ३५६ जना आमाले बच्चा जन्माएको र उनीहरु सबैले स्वास्थ्यसंस्थामै बच्चा जन्माएको उनले बताए । थाहा नगरपालिकामा २०७५ सालदेखि पूर्ण संस्थागत सुत्केरी अभियान सञ्चालन भएको र ०७६ सालमा नेपालकै पहिलो पूर्ण संस्थागत सुत्केरी वडा घोषणा भएपछिको यो अवधिमा अहिले अभियानले सार्थकता पाएको नगरप्रमुख बिष्णु बिष्टले बताए ।

आमा तथा शिशु मृत्युदरलाई शून्यमा झार्ने अभियान अन्तर्गत पालिकालाई पूर्णसंस्थागत सुत्केरी पालिका घोषणा गरिएको उनले बताए । पालिकाभरका गर्भवती आमाले स्वास्थ्यसंस्थामै बच्चा जन्माएको, गर्भवती आमाले नेपाल सरकारको मापदण्डअनुसार ८ पटक गर्भ जाँच गरेको, गर्भवती तथा सुत्केरी आमाले आइरन चक्की सेवन गरेको, सुत्केरीपछि आमाले स्वास्थ्य जाँच ४ पटक गरेको लगायत सूचक पूरा भएपछि गाउँपालिकालाई पूर्णसंस्थागत सुत्केरी नगरपालिका घोषणा गरिएको स्वास्थ्य शाखाप्रमुख बलामीले बताए ।

थाहा नगरपालिका प्रमुख बिष्टको सभाध्यक्षतामा सम्पन्न घोषणा कार्यक्रममा प्रदेश सांसद कुमारी मोक्तान, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, थाहा नगरउपप्रमुख भरत गोपाली, स्वास्थ्य निर्देशनालय बागमती प्रदेशका निर्देशक डा. नरेन्द्रकुमार झा, थाहा नगरका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधान, बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछाने, ईन्द्रसरोवर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनी, जनस्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख कृष्ण मिजार, नेपाली कांग्रेस थाहानगर सभापति प्रमोदकृष्ण जोशी, नेकपा एमाले नगरअध्यक्ष सुरेन्द्रमान प्रधान, माओवादी केन्द्र नगरसदस्य निरज रायमाझी, राप्रपा नगरअध्यक्ष कुलमान तामाङलगायतको आतिथ्यता रहेको थियो ।

घोषणा कार्यक्रम विभिन्न सांस्कृतिक झाँकीको प्रदर्शन गरिएको थियो भने पूर्णसंस्थागत सुत्केरी घोषणा कार्यक्रमलाई सफल तुल्याउन भूमिका निर्वाह गरेको भन्दै स्वास्थ्य केन्द्रलाइ सम्मान गरिएको थियो । कार्यक्रममा थाहाका वडाअध्यक्षहरु, स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेवीकाको उपस्थिति रहेको थियो । १२ वटा वडामा विभाजित थाहा नगरपालिकाले २०७६ साउन १७ गते ६ नम्बर वडालाई पहिलो पूर्णसंस्थागत सुत्केरी वडा घोषणा गरेको थियो । गत आर्थिक वर्ष थाहा नगरका विभिन्न स्वास्थ्यसंस्थामा ३ सय ५६ जना सुत्केरी भएका थिए । थाहा नगरपालिकामा १२ वटा स्वास्थ्य संस्था छन् ।

# हेटौंडा क्याम्पसमा अनेरास्ववियुको प्रशिक्षण, अबको गन्तव्यबारे बहस

साझाकुरा संवाददाता




हेटौंडा, ८ भदौ/अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) प्लस टु क्याम्पस कमिटीले हेटौंडा क्याम्पसमा प्रशिक्षण गरेको छ ।


क्याम्पस कमिटीका संयोजक रिजन जिसीको सभाध्यक्षता तथा अनेरास्ववियु केन्द्रीय कमिटी सचिवालय सदस्य तथा उपत्यका विशेष बागमती प्रदेश इञ्चार्ज नितेश लामिछानेको प्रमुख आतिथ्यतामा प्रशिक्षण भएको हो । प्रशिक्षण कार्यक्रममा विद्यार्थी आन्दोलनको कार्यदिशा, दक्षजनशक्ति उत्पादनमा भूमिका, युवा उद्यममा अग्रसर तालगायत विषयलाई लिएर अबको गन्तव्यबारे बहस भएको छ । कार्यक्रममा प्रमुखवक्ताका रुपमा नेकपा एमाले मकवानपुरका जनसंगठन संयन्त्र प्रमुख सन्तोष पाडेल रहेका थिए ।

पार्टी जिल्ला कमिटी सदस्य तथा विद्यार्थी इञ्चार्ज आकाश अधिकारी, नेकपा एमाले मकवानपुरका जिल्ला कमिटी सदस्य शिवहरि दाहाल, अनेरास्ववियु मकवानपुरका संयोजक नवराज शर्मा पौडेल, क्याम्पसका स्ववियु अध्यक्ष अभि मैनाली, भरतमोहन देवकोटा लगायतको आतिथ्यता रहेको थियो । पार्टी जनसंगठन संयन्त्र प्रमुख पौडेलले जनसंगठनको भूमिका र कामकर्तव्यको बारेमा प्रशिक्षण दिएका थिए । विद्यार्थी इञ्चार्ज अधिकारीले अनेरास्ववियु मकवानपुरलाई सक्रिय र थप शसक्त बनाउनुपर्नेमा जोड दिएका थिए । उनले अनेरास्ववियु नेता उत्पादन गर्ने नर्सरी मात्रै नभई मुलुकलाई आवश्यक पर्ने दक्षजनशक्ति, उद्यमी र सामाजिक लिडरसमेत उत्पादन हुने नर्सरीका रुपमा विकास गर्नुपर्ने बताए ।

पार्टी जिल्ला कमिटी सदस्य दाहालले अनेरास्ववियुको परिचय र इतिहासबारेमा जानकारी दिएका थिए । अनेरास्ववियु केन्द्रीय सदस्य लामिछानेले अबको विद्यार्थीको आवश्यकतालाई ध्यानमा राखेर जेन्जी पुस्तालाई हुने गरी अनेरास्ववियु लाग्ने कुरामा प्रष्ट पारे । अनेरास्ववियु मकवानपुरका संयोजक पौडेलले संगठनको कार्ययोजनाको बारेमा जानकारी दिएका थिए ।

# वीरगञ्जमा ४५ जनामा हैजा पुष्टि, नयाँ बिरामी भर्नादर घट्दै

साझाकुरा संवाददाता



हेटौंडा, ८ भदौ/जिल्ला जनस्वास्थ्य कार्यालय पर्साका अनुसार वीरगञ्ज महानगरका विभिन्न अस्पतालमा उपचाररत बिरामीमध्ये ४५ जनामा हैजा सङ्क्रमण पुष्टि भएको छ ।

वीरगञ्जको नारायणी अस्पतालमा ३२, तराई अस्पतालमा ८, नेशनल मेडिकल कलेजमा ६, एडभान्स अस्पतालमा ५, अलिअर्थो सेन्टरमा २ र भवानी अस्पतालमा २ जना बिरामीको उपचार भइरहेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख विनोद झाले जानकारी दिएका छन् । अहिले अस्पतालमा हैजाका नयाँ बिरामी भर्नादर घट्दै गएको छ । वीरगञ्जका विभिन्न अस्पतालमा झाडापखाला र हैजाका शंकास्पद उपचाररत बिरामीको संख्या बिस्तारै घट्दै गएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख झाले बताए ।

वीरगञ्जका अस्पतालमा झाडापखालाका नयाँ बिरामी आउने क्रम घट्दै गएको छ । गएको साउन २४ गते वीरगञ्ज महानगरपालिकाको वडा नम्बर १२ बाट झाडापखालाका बिरामी देखापर्न थालेका हुन् । गएको बिहीवारदेखि वडा १२ नम्बरसँगै ११, १३, १४ र १६ का झाडापखालाका बिरामी अस्पतालमा भर्ना हुनेको चाप बढेको थियो । केन्द्रीय सुरक्षा समितिको बैठकले पर्साको वीरगञ्जमा फैलिएको हैजा नियन्त्रणका साथै प्रभावितको उपचारको व्यवस्थाका लागि चिकित्सक टोली परिचालन गर्ने निर्णय गरेको छ ।

गृहमन्त्री रमेश लेखकको अध्यक्षतामा बसेको बैठकले यस्तो निर्णय गरेको गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले जानकारी दिएका छन् । गृहमन्त्री लेखकले नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई हैजा नियन्त्रणमा परिचालन हुने टोलीको व्यवस्था मिलाउन निर्देशन दिए । यसैबीच स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेल र खानेपानी मन्त्री प्रदीप यादवबीच वीरगञ्जमा फैलिएको हैजा सङ्क्रमण नियन्त्रणबारे छलफल भएको छ । पालिकासँगको समन्वयमा बिरामीको तत्काल उपचार तथा सरकारी एवम् निजी अस्पतालमा निःशुल्क परीक्षणको व्यवस्था गरिएको मन्त्री पौडेलले जानकारी दिएका छन् ।



साझाकुरा

## हाम्रो कुरा

# पोडवे सम्भाव्यता अध्ययन

काठमाडौंदेखि हेटौंडासम्म पोडवे यातायात सञ्चालनका निम्ति लगानी बोर्डले सम्भाव्यता अध्ययन गर्न अनुमति दिने निर्णय गरेको छ । प्रधानमन्त्री केपी शर्माओलीको अध्यक्षतामा बसेको लगानी बोर्ड बैठकले पहिलोचरणमा काठमाडौंदेखि हेटौंडासम्म मात्र पोडवेको सम्भाव्यता अध्ययन गर्न दिने निर्णय गरेको हो । बैठकमा काठमाडौंदेखि हेटौंडा हुँदै वीरगञ्जसम्म ९७ किलोमिटर लामो पोडवे यातायात सञ्चालन गर्न लगानी बोर्डमा प्रस्ताव गरिएको थियो । यसको लागि ७१ अर्ब रुपैयाँ लाग्ने अनुमान गरिएको छ । लगानी बोर्डका अनुसार काठमाडौं पोडवे कम्पनी प्रालिले गत हप्ता प्रारम्भिक प्रस्ताव पेस गरेको हो । कम्पनीका सञ्चालकले पोडवेको सम्भावना र लगानीबारे बोर्डमा विस्तृत प्रस्तुति दिएका छन् । कम्पनीले हेटौंडादेखि काठमाडौंसम्म पुरानो रोपवेको लाइन प्रयोग गर्ने र हेटौंडा-वीरगन्ज खण्डमा नयाँमार्ग निर्माण गर्ने योजना प्रस्तुत गरेको छ । प्रारम्भिक अध्ययन अनुसार पोडवेको सम्भाव्यता मूल्यांकन गर्न करिब दुईवर्ष लाग्ने बताइएको छ । सरकारले पनि चालु आर्थिक वर्षको बजेटमार्फत पोडवे जस्ता वैकल्पिक यातायात प्रविधि विकास गर्ने नीति अघि सारेको छ ।

पोडवे तारमा आधारित उन्नत यातायात प्रविधि हो । यो केबलकारको विकसित स्वरुप हो । यसलाई रेलको पछिल्लो र अत्याधुनिक संरचनाका रुपमा लिइन्छ । सार्वजनिक यातायातका क्षेत्रमा विकास गरिएको नयाँ प्रविधिका रुपमा यसलाई लिइएको छ । हाल यूएई र बेलारुसले पोडवे सञ्चालन गरिरहेका छन् । भारतमा पनि सञ्चालनका क्रममा छ । विद्युतको प्रयोग गरी यो सञ्चालन गर्न सकिने भएकाले पेट्रोलियमपदार्थको आयातमा वार्षिकरुपमा खर्च हुने ठूलो विदेशी मुद्रा जोगिनेछ । मेट्रोरेलको जस्तै सुविधा दिने पोडवेको गति प्रतिघण्टा १५० किलोमिटर बराबर हुने जनाइएको छ । भारतमा सञ्चालित रेलको गति १०० किलोमिटर प्रतिघण्टा छ । पोडवे सञ्चालनका निम्ति छुट्टै ट्र्याक आवश्यक पर्छ । स्वचालित प्रविधिमा आधारित भएकाले पनि यसका निम्ति छुट्टै मार्ग निर्माण गर्नुपर्ने हुन्छ । यात्रु चढाउन र ओराल्न आकाशे पुलजस्तै संरचना तयार गर्नुपर्छ । केबलकारमा जस्तै पोडवे स्टेसनमा रोक्ने तथा झर्ने समयमा स्वचालित सुविधा हुन्छ । एउटा पोडमा ४२ यात्रुले यात्रा गर्न सक्छन् । एक घण्टाको समयमा ५० हजार जनाले आवतजावत गर्न सक्ने यसको क्षमता हुने अनुमान गरिएको छ । यसबाट समयको बचत हुने र बिजुलीबाट चल्ने भएकाले वातावरण संरक्षणमा योगदान पुग्ने छ । सरकारले ०८० मंसिर ७ गते नेपाल राजपत्रमा सूचना प्रकाशन गरी पोडवे, स्काई रेल, स्काई ट्रलिबस, जलमार्गलगायत वैकल्पिक यातायातसम्बन्धी नीति, कानुन, मापदण्ड कार्यान्वयन गर्ने उल्लेख गरेको छ । लुम्बिनी विकास कोषले २०८० मंसिर २५ गते काठमाडौं पोडवेसँग विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) यथाशीघ्र पेस गर्न आग्रह गरेको थियो । लामो अध्ययनपछि विश्वमा सन् २०२० मा मात्र यो प्रविधिले मान्यता पाएको हो । यसबाट एकपटकमा ४८ टनसम्म सामान ढुवानी गर्न सकिन्छ ।

केबलकार निर्माण लागतको ५० प्रतिशत, मेट्रोरेलको चार र मोनोरेलको २० प्रतिशतमा पोडवे बनाउन सकिन्छ । १०० किलोमिटर पोडवे निर्माणमा करिब ४० अर्ब रुपैयाँबराबर खर्च हुने अनुमान गरिएको छ । अर्थमन्त्री बिष्णु पौडेलले चालु आवको बजेटमार्फत् यस्तो घोषणा गरेका हुन् । राणा प्रधानमन्त्री चन्द्रशमशेरले वि.सं १९८२ मा मकवानपुरको भीमफेदी नजिकको धोर्सिङबाट मातातीर्थसम्मको २२ किलोमिटरमा रोप-वे लाइन निर्माण गराएका थिए । सोही रोप-वेले धोर्सिङबाट काठमाडौंसम्म सामान ढुवानी गरेको थियो । यो रोप-वेलाई जुद्धशम्शेरले हेटौंडादेखि धोर्सिङसम्म र टेकुस्थित भन्सारसम्म विस्तार गरेका थिए र त्यसपछि यसको लम्बाई ४२ किलोमिटर हुन पुग्यो । वि.सं २०११ को बाढीले धोर्सिङको पावरहाउसमा क्षती पुगेसँगै यो बन्द हुन पुगेको थियो । त्यसपछि सरकारले पहिलो पञ्चवर्षीय योजना (२०१३-२०१८) मा यो रोप-वे विस्तारको योजना बनाएको थियो । अमेरिकाको रि ब्लेट ट्रामवे कम्पनीको सहयोगमा वि.सं २०१६ सालबाट ६४ लाख अमेरिकी डलरमा यसको विस्तारकार्य थालिएको थियो । वि.सं २०५४ सालमा रोपवे पूर्णरुपमा बन्द भयो । वि.सं २०५९ मा शेरबहादुर देउवा प्रधानमन्त्री भएको समयमा मन्त्रि परिषद्बाट रोप-वेको खारेजीको निर्णय भएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ भदौ १० गते मंगलबार २६ अगष्ट २०२५ । तृतीया, भाद्र कृष्णपक्ष । गुँल्लागा ११४५ ने.सं. । सूर्योदय ५:४०, सूर्यास्त ६:३०। हरितालिका (तीज) व्रत

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आनन्दको महसुस हुनेछ | **तुला** | : प्रेममा विवाद आउनसक्नेछ |
| **वृष** | : मन चञ्चल हुनेछ | **वृश्चिक** | : बोलिमा नियन्त्रण गर्नुपर्नेछ |
| **मिथुन** | : मान-सम्मान बढ्नेछ | **धनु** | : हाँसखेलमा दिन जानेछ |
| **कर्कट** | : धन लाभ हुनेछ | **मकर** | : मनमा धेरै कुरा खेल्ने छन् |
| **सिंह** | : व्यापार-व्यवसायमा उन्नति हुनेछ | **कुम्भ** | : रमाइलो यात्राको योग परेको छ |
| **कन्या** | : नबोली बस्दा राम्रो हुनेछ | **मीन** | : मन प्रसन्न रहनेछ |

# कर्मचारीको आत्मसम्मानमा कसरी लाग्दैछ ठेस ?



✍ उमेश दाहाल

कर्मचारी भएर कर्मचारीतन्त्रका नकारात्मक कुरा गर्दा कता कता संकोच लागेर आउँछ । केन्द्रदेखि स्थानीयस्तरसम्म सञ्जाल रहेको कर्मचारीको शासकीय शैलीमा समयक्रम अनुसार फरकपना हुँदै जानुपर्ने हो । कर्मचारी भन्ने बित्तिकै निजामतीलाई मात्रै बुझ्ने गरिन्छ । अन्य निजी क्षेत्र, सार्वजनिक संस्थान, विभिन्न कम्पनीहरू लगायतका निजामती बाहेकका कर्मचारीलाई झट्ट रुपमा भन्दा संस्था सञ्चालनका अगुवा जस्तो बुझाई जनतामा भएको आभास हुन्छ । निजामती कर्मचारी भन्नासाथ नकारात्मक दृष्टिले हेर्ने वा चित्रित गर्ने गरेको महसुस हुन्छ ।

कर्मचारी प्रशासनले गर्ने कार्यशैली र व्यवहारलाई जनता र समग्र कर्मचारीले नराम्रो मान्दैनन् । कर्मचारीतन्त्रमाथी निरन्तर प्रहार गर्ने खराब राजनीतिकर्मी र सोही आवरणका पात्रहरू हुन् भन्दा अत्युक्ति नहोला । देशको राजनीतिक चरित्रले नै कर्मचारीतन्त्रको शासकीय मार्गरेखा कोर्ने हो । राजनीतिज्ञहरू शासकीय पद लिईसकेपछि क्षणमै पुरै कर्मचारीतन्त्रलाई स्क्यान गरेर दिमागमा राखेजस्तो गर्छन् । क्षणभर मै कर्मचारीतन्त्रका सिद्धान्त र शैलीहरूलाई मिथ्या साबित गर्दै तर्क र विचारहरू राखेको पाईन्छ ।

आफ्नो शैली, स्वभाव र व्यवहार अनुकूल कर्मचारीहरू परिचालन भएनन् भन्ने भाष्य भएमा कर्मचारी थाङ्ने हुन्छन्, माग्ने हुन्छन्, प्रक्रिया खोज्ने र काम टार्ने हुन्छन्, अटेरी हुन्छन्, भ्रष्ट हुन्छन्, यस्तै यस्तै । कर्मचारीतन्त्रका विश्वब्यापी सिद्धान्तहरू उस्तै प्रकृतिका छन् । तिनै प्रतिपादित सिद्धान्तहरूबाट मार्गनिर्देशित भई शासन सञ्चालनका कार्यविधिहरू तय गरिन्छन् र सोही अनुरुप कार्यसञ्चालनका मार्गरेखाहरूबाट कर्मचारी प्रशासन सञ्चालन गरिन्छ ।

यसका साथै विश्व प्रसिद्ध प्रशासन विद्हरुका अनुभव, भनाई उद्धरणीय विचार, सोचाई जस्ता कुराहरूलाई आधार बनाएर समेत समयक्रम अनुसार विधिहरूलाई परिमार्जित स्वरुपमा अनुशरण गरी प्रशासनिक काम कारबाही गर्ने गरेको पाईन्छ । कर्मचारीतन्त्रले तटस्थतापूर्वक र निष्पक्ष भई सेवा प्रवाह गर्न वर्तमान राजनीतिक नेतृत्वप्रति जति बफादार हुनुपर्छ त्यतिकै पछि आउने नेतृत्वप्रति पनि बफादार हुनपर्छ भन्ने कर्मचारीतन्त्रको 'क्रमिक दाम्पत्यको सिद्धान्तु अनुरुप काम कारबाही गर्नुपर्छ । यस सिद्धान्तले कर्मचारीतन्त्र राजनीतिकरणबाट जोगिनुपर्छ भन्ने बुझाउँछ । त्यसैले नै कर्मचारीतन्त्रलाई स्थायी सरकार, अनिर्वाचित सिनेट भनिएको हो ।

हाम्रो देशमा विद्यालय तहको शिक्षा, विश्वविद्यालय तहको शिक्षा, निजामती सेवामा वा अन्य सेवामा प्रवेशका लागि भर्ना छनौट र पदपूर्तिका लागि निर्धारित गरी तोकिएको पाठ्यक्रम र पढनुपर्ने विषयवस्तु, सेवा प्रवेश पछिको काम गर्ने कार्यविधिगत तौरतरिका र शैली बीचमा कुनैपनि तादात्म्यता छैन । सबै उल्लेखित क्षेत्रमा फरक फरक अनुभव र ज्ञान लिनुपर्ने बाध्यात्मक अवस्था छ । कर्मचारीले सेवा प्रवेश पछिको कार्यक्षेत्रको जिम्मेवारी र कर्मचारीतन्त्र सञ्चालनको आधार र इतिहासलाई बुझ्न करोडौं दिमागी सेलहरू खर्च गर्नुपर्ने हुन्छ । अनगिन्ती अनुभवहरू हासिल गर्नुपर्छ । विभिन्न तहहरू पार गर्नुपर्छ वर्षौंको समय खर्च गर्नुपर्छ । पारिवारिक मोह र माहोलको रस्वास्वादन त्याग गर्नुपर्छ । रंगिन जिजिविषाका इच्छा र आकांक्षाहरू मार्नुपर्छ । जीवनलाई धार मुनीको अचानोमा राखेर जिम्मेवारी सम्हाल्नुपर्छ ।

लुकीछिपी अध्ययन र अध्यापन गर्नुपर्ने बाध्यता पर्छ । जिवनका यौवनहरूलाई व्यर्थैमा खरानी बनाउनुपर्छ । जागिरको स्वार्थमा जीवनको मणि हराउनुपर्छ । नागरिकका गर्भदेखि मृत्युपर्यन्त चिहानसम्मका हरेक कार्यहरूमा केन्द्रदेखि स्थानीय जराधार तहसम्म पुगेर कार्यहरूलाई प्रमाणिकरण गर्ने जिम्मेवारी बोकेको कर्मचारीतन्त्रले वर्षौंसम्म अनेकन साक्षीहरू बसेर काम गर्दा र संघर्षपूर्ण तवरबाट कार्यसम्पादन गर्दा पनि बिश्वब्यापी रुपमा सिर्जित कर्मचारीतन्त्रका सिद्धान्त, मर्म र भावनलाई खुट्याएर मिहिन रुपमा बुझेको हुँदैन । तर एकाध दिनमै र समयमै सरसर्ती विश्लेषण गरी राजनीतिक दाउपेचमा आक्षेपयुक्त चलन र संस्कृतिले कर्मचारीतन्त्रको व्यावसायिकतामा गम्भीर असर पर्ने कुरालाई ख्याल गरिनु जरुरी छ ।

आफ्नो स्वभाव र शैली अनुकूल नहुँदा स्वार्थप्रेरित भएर चरण चरणमा लगाईने आक्षेपहरूबाट कर्मचारीले आत्मबल गुमाउँछन् । लगनशीलता र लगावलाई सिध्याउँछ । इमान्दारिता, सीप र योग्यतालाई थाती राख्छ । शक्तिशाली पेशागत रत्नलाई गायब बनाउँछ । देश र जनताको सेवाप्रतिको गर्वलाई मार्छ, निष्ठा प्रेरणा र सेवाभावलाई गुमाउँछ । कर्मचारीको मेहनतको मूल्य चाकडी र चाप्लुसी भन्दा सस्तो भयो भने इमान्दार मनको मणि हराउँछ । हाम्रो प्रशासनिक संयन्त्रहरूमा सेवा प्रवाहका लागि विभिन्न मोडलहरू ल्याईएका छन् । बनाईएका छन् । सेवा वितरणलाई जनतामाझ सशक्त ढंगले सुसूचित गराई सहभागितामूलक तुल्याउने ढंगले विविध समूह, कचहरी, मञ्च, सुनुवाई समिति गठन गरेर भएपनि कार्यलाई प्रभावकारी बनाउने भन्ने व्यवस्थाहरू कार्यान्वयनमा ल्याईएको छ ।

विकासात्मक क्रियाकलापहरू सञ्चालन गर्नेदेखि योजनाको कार्यान्वयनकर्ता, नीतिको ब्यवहारिक अनुयायी र नागरिकलाई प्रत्यक्ष सेवा प्रवाहमा संलग्न पात्र कर्मचारीलाई अत्यधिक आलोचना गर्ने प्रवृत्ति हुनुलाई स्वभाविक मान्नु हुँदैन । भनिन्छ, कर्मचारीले लोकप्रिय बन्न जरुरी छैन । लोकप्रिय नहुने भनेर गलत प्रवृत्तिले सिर्जना भएका आलोचना सहनुपर्छ भन्ने पनि छैन । कानुनका प्रक्रिया पुरा गरेर छिटोछरितो, मितव्ययी, पारदर्शी ढंगले सेवा प्रवाह गर्नुपर्ने र नीति तर्जुमादेखि कार्यान्वयन तहसम्म मुख्य हकदारको भूमिका निर्वाह गर्ने कर्मचारी प्रशासन नसुनिमा गाँठो कहाँनेर परेको छ भनेर गाँठो पार्नेलाई र पारेको देख्नेलाई थाहा छ । तर गाँठो फुकाउने क्षमता र दक्षता कसैले राख्न सक्दैन । कर्मचारीसँग बुद्धि कम होला तर ज्ञान अथाह छ । विश्वविख्यात प्रशासनविद् इमर्सनले भनेका छन् ज्ञान उपयोग गर्न बुद्धि हुनु आवश्यक छ । त्यसैले ज्ञानको उपयोग गर्नसक्ने सद्बुद्धि कोसँग हुनुपर्नेररहनुपर्ने हो विचारणीय छ ।

कर्मचारी नेतृत्व वर्गले शासकीय क्षमतालाई उत्कृष्ट तुल्याई सन्तुलन कायम गर्नसक्ने ल्याकत र क्षमता राख्नुपर्छ । राजनीति र प्रशासनबीचको सम्बन्धलाई देश र जनताप्रति समर्पण गर्दै प्रगाढ तुल्याउने साथै जनउत्तरदायी र परिणाममुखी बनाउन नागरिकलाई केन्द्रविन्दु मानी उत्कृष्ट शासकीय गतिविधि सञ्चालन व्यवस्था मिलाउनु अपरिहार्य छ । कर्मचारीले जनताप्रति र राष्ट्रप्रति गर्ने श्रम र समर्पणको भूमिका लाई नजरअन्दाज नगर्ने जिम्मेवारी कसको हो भन्ने ग्रहण गर्नैपर्छ । इमान्दारीपूर्वक भूमिकामा रही काम गर्ने कर्मचारी भन्दा अनियमिततामा संलग्न रही काम गर्ने कर्मचारी अत्यन्तै न्यून रहने गर्छन् । त्यसको असर सम्पूर्ण कर्मचारी वर्गमाथि पर्छ । यसलाई न्यायसंगत मान्न सक्दिैन । सबैलाई एकै गामालट्ठीले हान्नु गलत हो ।

कर्मचारीमा नैराश्यता बढ्दै गएको महशुस गर्न सकिन्छ । गत आर्थिक वर्षमा राजीनामा दिएर सेवाबाट बाहिरिएको र सेवाबाटै पलायन भएको संख्या हजारौं रहेको समाचार आईरहेका छन् । विगत वर्षहरूको तुलनामा निजामती सेवामा विज्ञापन हुँदा आवेदन दिने संख्या अत्यधिक घट्दै गएको पनि जानकारी पाईन्छ । यी दुवै कुराले कर्मचारीतन्त्रप्रतिको विश्वास घटेको मात्र नभई वितृष्णा र घृणा रहेको आभास सजिलै गर्न सकिन्छ । कर्मचारीतन्त्र भित्रका एकाध कपटपूर्ण व्यवहार गर्ने प्रवृत्ति भएकाहरूले सेवामा विध्वंश मच्चाईरहेका छन् । यस्ता प्रवृत्ति भएकाहरू स्वयं आत्मालोचना गरी सेवाबाट बाहिरिनु जरुरी छ ।

कर्मचारीहरू जनताबाट अपमानित हुन चाहँदैनन् । असभ्य र अपमानजनक व्यवहार भोग्न चाहँदैनन् । मानसिक रुपमा आत्मसम्मानयुक्त ढंगले कामप्रति जिम्मेवार बन्न चाहन्छन् । राजनीतिक हस्तक्षेप र अन्यायपूर्ण व्यवहारबाट मुक्त भई दबाब र तनावरहित कार्य वातावरणमा काम गर्न चाहन्छन् । निश्चित भविष्य र सुरक्षा चाहन्छन् । कामप्रतिको मूल्यांकनका आधारमा सम्मान चाहन्छन् । कर्मचारीहरू निश्चित संख्यामा बदमास छन् भन्दैमा पुरै संगठनका नैतिकवान कर्मचारीलाई मुछेर आरोप लगाउने संस्कृतिको अन्त्य चाहन्छन् ।

कर्मचारीका सिद्धान्तहरू अनुशरण गरी काम गर्न चाहन्छन् । कर्मचारीतन्त्रमा छायामा परेका सिर्जनात्मकता, व्यवसायिकता, जवाफदेहिता, आदेशको एकात्मकता उजागर गरी कार्यसम्पादन गर्न चाहन्छन् । कर्मचारीकै पेशागत हकहित र संस्कृतिमा रमाउँदै जनताप्रति बफादार र लगनशील भएर काम गर्न चाहन्छन् । राजनीतिसँग प्रतिष्पर्धा गरेर नभई सहकार्य र सुमधुर सम्बन्धमा काम गर्न चाहन्छन् ।

*(साभार: अनलाइनखबर)*

# नैतिकताको कसीमा नेपाली राजनीति

✍ श्यामप्रसाद मैनाली

नैतिकता भनेको आदर्श व्यवहार हो । यो समय र समाज सापेक्ष हुन्छ । आफैंले प्रतिबद्धता व्यक्त गरेको सन्दर्भमा तदनुरुप कर्म गर्नु नैतिकता हो । उच्चस्तरको नैतिकता कायम हुँदा समग्र समाजलाई यसले मार्गदर्शन गर्दछ । सामाजिक स्तर कायम गर्न सहयोग पुऱ्याउँछ । सामाजिक मूल्य-मान्यताअनुसार आफ्ना व्यवहार हरू व्यवस्थित गर्नु नैतिकता हो । व्यक्तिगतरूपमा सच्चरित्रताको स्तर र राजनीतिकरूपमा प्रगति उन्मुखताका बीच हुने अन्तरक्रियाबाट विरोधभासपूर्ण परिस्थिति निर्माण हुन्छ । यस अवस्थामा सत्य र निष्ठालाई मूल मन्त्र मानी कर्तव्य निर्वाह गर्ने पदाधिकारी नैतिकवान् बन्दछ । नैतिकताको संरक्षणका लागि बल प्रयोग गरिन्छ । नीति निर्माण गर्दा, निर्णय लिँदा पनि नैतिकतामा प्रभाव पर्दछ । नैतिकताको प्रवर्द्धनका लागि रक्षात्मक, आक्रामक र दण्डात्मक सबै प्रक्रियाहरुको प्रयोग हुन्छ । राजनीति र नैतिकताका बीचको सामञ्जस्यताबाट आदर्श समाजको निर्माण हुन्छ । नैतिकताको परिपूरकको रुपमा सच्चरित्रताको उपयोग हुन्छ । त्यसैले नैतिकता र सचरित्रताका बीच सकारात्मक सम्बन्ध हुन्छ । राजनीतिक क्रियाकलापहरूलाई नैतिकताको कसीमा परीक्षण गर्दै यसको अध्ययन र विश्लेषण निरन्तररुपमा गरिनुपर्दछ भन्ने विचार थोमसनले सन् २०१९ मा राखेका थिए । सार्वजनिक पदाधिकारीहरू नैतिकवान् बन्दै जाँदा उनीहरूमा जवाफदेहिताको भावनाको वृद्धि हुन्छ । नैतिकताले सदैव कर्तव्यबोध गराउँछ । राजनीतिज्ञहरूको कर्तव्य बसुधैव कुटुम्बकंका आधारमा काम गर्नु हो । राजनीतिकर्मीहरूले नीति निर्माण गर्दा, योजना बनाउँदा सर्वजनहिताय सोच राख्दै जनताको र देशको भलाइका लागि प्रतिबद्ध हुनुपर्दछ । राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, राष्ट्रबासी, राजनीतिक दलको क्रम निर्धारण गर्दै प्राथमिकताका साथ काम गर्नुपर्दछ ।

यसको अनुपम उदाहरण छिमेकी देश चीनमा पाइएको छ । यो देशमा आजभन्दा ६० वर्षपहिले भोकमरीबाट जनता प्रताडित थिए । ६० वर्षको अवधिमा चीन विश्वकै दोस्रो अर्थतन्त्र भएको देश बनेको छ । सन् २०३० मा विश्वमै एक नम्बरको अर्थतन्त्र भएको मुलुक बन्ने गन्तव्य निर्धारण गरेको छ । सो गन्तव्य प्राप्त हुने सम्भावना प्रबल देखिँदै छ । यो विश्वका सबै राजनीतिकर्मीहरूले अनुकरण गर्नुपर्ने सन्दर्भ बनेको छ । मानवप्रतिको सम्मानभाव, निष्पक्ष र सुगम न्याय, समन्यायका आधारमा समानुपातिक वितरण एवं प्रतिनिधित्व गराइनु पनि सार्वजनिक हितका लागि समर्पित कार्यक्रमका रुपमा परिभाषित गरि एको छ । राजनीतिज्ञहरूले स्वार्थसिद्ध गर्ने नभई दार्शनिक राजाद्वारा शासित आदर्श राज्यमा नैतिकता प्रवर्द्धन हुन्छ भन्ने भनाइ प्रसिद्ध दार्शनिक प्लेटोको रहेको छ । आत्मनिश्चय र दृढताका साथ उपयुक्त कार्य गर्दा नैतिकता र शासन प्रणालीका बीच तादात्म्यता रहन्छ । आदर्श र सिद्धान्तविहीन राजनीतिले व्यक्तिगत स्वार्थको प्रवर्द्धन गर्दछ । सामान्य नागरिकहरुलाई नै शासन प्रणाली र आफ्ना प्रतिनिधिले गरेको शासनप्रति दुविधामा पार्दछ । नैतिकता, सच्चरित्रता, दृढता, इमानदारिता र आचरणजस्ता विषयहरु सबै समाजका लागि उत्तिकै आवश्यक छन् । पेसाकर्मीहरूका लागि इमानदारितापूर्वक काम गर्दै गन्तव्यमा पुग्नका लागि मार्गदर्शनका रुपमा रहेका हुन्छन् । तर समाजलाई कुन दिशातर्फ अभिमुख गराउने ? भन्ने सन्दर्भ विशेष गरी राजनीतिक कर्मीहरूमा नै निर्भर गर्ने भएकाले प्रस्तुत आलेखमा राजनीतिज्ञहरू र शासन प्रणालीप्रति लक्षित गर्दै राजनीतिक नैतिकताको बारेमा विश्लेषण गर्ने इमानदार प्रयास गरिएको छ ।

**नैतिकताविहीन नेपाली राजनीति र शासन प्रणाली:**

नेपालमा नेपाली नागरिकहरूले जीवन उत्सर्ग गरेर प्राप्त गरेको लोकतन्त्रको संरक्षण गर्न राजनीतिकर्मीहरू प्राय: असफल बनेका छन् । संविधान लोकतान्त्रिक छ । लोकतान्त्रिक संस्थाहरुको व्यवस्था राम्ररी गरिएको छ । मौलिक हक पर्याप्तरुपमा प्रदान गरिएको छ । लोकतान्त्रिक अभ्यास गर्नका लागि मार्गदर्शन गर्ने संविधान कार्यान्वयनमा छ । तथापि देशले नैतिकवान् राजनीतिक नेताहरू प्राप्त गर्न सकेन । शासकहरू अत्यन्त स्वार्थकेन्द्रित बन्दै गए । नैतिकता, सच्चरित्रताको स्पष्ट अभाव खड्किएको छ । देशको राजनीति र शासन व्यवस्थाले राजनीतिक आस्था, सिद्धान्त, मूल्य र मान्यता प्राय: गुमाएको अवस्था छ । सरकार र राजनीतिक दलको नेतृत्वमा रहनेहरू नै दिग्भ्रमित बनेका छन् । हाम्रा सरकारमा नेतृत्व गर्नेहरूलाई छिमेकी देशहरूले व्यक्तिगत स्वार्थसिद्ध गर्नेतर्फ आकर्षित गरी आफू अनुकूल परिचालन गरिराखेका छन् । राष्ट्रिय स्वार्थको विषय सधैं छायामा पर्दै गएको छ । प्रथम जननिर्वाचित प्रधानमन्त्री स्वर्गीय बीपी कोइरालाले सरकारी अनुदानबाट सरकारकै आलोचना गर्ने पत्रिकाको विकास गरेको पाइन्छ । हालका राजनीतिज्ञहरूले स्वस्थ आलोचनालाई स्वागत गर्ने संस्कृतिको विकास गर्न सकेका छैनन् । नेपालको शासन पद्धतिलाई विकृतमय बनाएकाले नागरिकहरू सरकार र ठूला राजनीतिक दलहरूप्रति आक्रोशित भइराखेका छन् । नेपालीको राजनीतिमा सार्वजनिक जिम्मेवारीमा रहेकाहरू र नैतिकताका बीच विपरीत सम्बन्ध कायम भएको छ ।

नेपालको राजनीति स्रोत-साधनको संग्रह गर्ने, शक्ति आर्जन गर्ने र पद-प्रतिष्ठा प्राप्तिका दिशामा मात्र अभिमुख भइराखेको छ । नेपालका शासकहरू र राजनीतिज्ञहरू यसरी दिग्भ्रमित हुनुमा केही कारणहरू रहेका छन् । नेपालमा राजनीतिक संस्कार र मूल्य-मान्यतामा क्रमश: ह्रास आउँदै गएको छ । राजनीतिकर्मीहरू र शासकहरू व्यक्तिगत स्वार्थमा लिप्त हुँदै गएका छन् । सार्वजनिक जिम्मेवारीको महसुस अत्यन्त कम भइराखेको छ । शासकहरुमा जिम्मेवारीको भावना र जवाफदेहिताको पक्ष अत्यन्त कमजोर बनिराखेको छ । दलीय गुटबन्दीमा शासकहरू अभ्यस्त बनेका छन् । प्राथमिकतामा आफ्नो परिवार, नातागोता, आफ्नो समूह, राजनीतिक दल पर्दछन् । राष्ट्र, राष्ट्रियता र लोकतन्त्र नेपालका वर्तमान राजनीतिज्ञहरूको प्राथमिकतामा परेको देखिँदैन । दलीय अधिनायकवाद र गुटबन्दी अत्यन्त ज्यादा छ । दलभित्र नेतृत्वको स्वस्थ आलोचना गर्ने र सरकारका कामहरूको टीकाटिप्पणी गर्नेहरूको तेजोवध गर्ने संस्कृति विकसित भएको छ । नेपाली नागरिकहरू निरीह बनेका छन् । उनीहरुले विकल्प पनि पाइराखेका छैनन् । विकल्पको रुपमा देखिएका दल अल्पअवधिमा अत्यन्त ज्यादा विवादित बनिराखेका छन् । आवधिक निर्वाचनहरूमा भरपर्दो राजनीतिक दल र ती दलहरूका उम्मेदवार मतदाताहरुले प्राप्त गर्न सकेका छैनन् । लामो समयदेखि आफू आस्थावान् रहेको राजनीतिक दलहरूमा मतदान गर्दै आएका छन् । आफ्नो आस्थाअनुसारको मतचिह्नमा मात्र मतदान गर्छु भन्ने सिद्धान्तमा अडिग रहने राजनीतिक कार्यकर्ताहरुमाथि अनुशासनको डण्डा चलाइएको छ । कुन राजनीतिक दलको आदर्श, सिद्धान्त कुन हो ? मतदाताहरुलाई पहिचान गर्न कठिन बनेको छ । राजनीतिक दलहरूसँग आबद्धता भएको पहिचान बनाउँदा गौरव मान्ने नागरिक समाजहरुले आफ्नो प्रभावकारिता प्रदर्शन गर्न सकेका छैनन् ।

यसै गरी राजनीति बिस्तारै अत्यन्तै ज्यादा प्रचारमुखी बन्दै गएको छ । सामाजिक सञ्जालमार्फत साइबर सेनाको प्रयोग गरेर गलत नेतालाई सक्षम र आदर्श नेताको रुपमा प्रस्तुत गर्ने अपराधकर्म नेपालका सुशिक्षित मतदाताहरुबाटै भइराखेको छ । लोकतान्त्रिक संविधानमा धेरै प्रकारका कमी-कमजोरीहरु पाइएका छन् । संविधानमा भएका प्रावधानहरू अध्ययन गर्दा अत्यन्त बढी लोकतान्त्रिक मूल्य-मान्यतामा आधारित देखिन्छन् । तर राष्ट्रको स्रोत-साधन र क्षमताले संविधानले निर्दिष्ट गरेका प्रतिबद्धताहरु नागरिकहरुलाई प्रदान गर्न सक्ने अवस्था देखिँदैन । संविधानबाटै निर्दिष्ट गरेका विषयहरू कार्यान्वयनमा नआउँदा नागरिकहरु दुविधामा पर्ने नै भए । यसतर्फ नेपालका शासकहरूको ध्यान जान सकेको छैन ।

नैतिक धरातलबाट विमुख भएका क्रियाकलापहरू र आपराधिक क्रियाकलापहरूको बीचको तादात्म्यता र पृथकताको बारेमा नेपालका शासकहरुलाई खासै अवगत भएको देखिँदैन । राजनीतिकर्मीहरूमा दूरगामी सोचका कमीका कारण र अपर्याप्त जानकारी भएकाले जनताका बीचमा आलोचित भएका छन् । नतिजा दिन नसकेका, नीतिहरू र पद्धतिहरूलाई नयाँ उत्पादक प्रणालीबाट विस्थापित गर्ने सोचसम्म पनि भएको पाइँदैन । दूरगामी सोचसहितको शासकीय प्रणाली कायम गरी आर्थिक समृद्धिका दिशामा देशलाई अघि बढाउने अभियानमा नेपाली नागरिकहरूलाई सँगै लिएर हिंड्ने प्रवृत्ति शासकहरुमा देखिएको छैन । राजनीतिकरूपमा लोकतान्त्रिक मूल्य-मान्यतालाई पूर्णरुपमा समेटेको प्रणाली स्थापित हुँदै गर्दा पनि शासकहरू विचलित र दिग्भ्रमित हुन सक्छन् । उनीहरु निहित स्वार्थमा केन्द्रित बन्दै जान्छन् । शक्ति र पदको उन्मादले धरातल नै विस्मरण गर्दछन् । यसमा अभ्यस्त हुँदै जाँदा शासकहरु तानाशाह र अधिनायकवादी बनिसकेका हुन्छन् । लोकतान्त्रिक शासन प्रणालीमा नै यस्ता विकृतिपूर्ण शासन पद्धति विकसित हुन थाल्दछन् । यसलाई ब्रिटिस राजनीतिज्ञ जोन ढालवर्ग एक्सनले अधिकार र शक्ति धेरै हुँदा भ्रष्टाचार बढ्छ, अत्यधिक मात्रामा शक्ति प्राप्त गर्दा यसको दुरुपयोग गर्दै भ्रष्टाचार व्याप्त हुन्छ भनेका छन् । नेपालको अवस्था यतिखेर उनकै भनाइ मिल्ने खालको छ ।

नैतिकतालाई स्मरण गरेर लोकतान्त्रिक संविधानको आशय विपरीत हाम्रा शासकहरु परिचालित भएका छन् । नेपालको वर्तमान संविधानमा विभिन्न चरणमा सरकार गठन हुन सक्ने प्रावधानहरू स्पष्ट छ । संविधानको मर्म र आशय कार्यकारी प्रमुखको स्वार्थमा प्रतिनिधिसभा विघटन गर्न नदिने नै हो । तर दुई-दुई पटकसम्म प्रतिनिधिसभा विघटन भयो । राजनीतिक स्थायित्वको नाउँमा संसद्वादी कम्युनिस्ट पार्टी र अतिवादी कम्युनिस्ट पार्टीका बीच एकता भयो । दुईवटा दलका नेताहरू पालैपालो प्रधानमन्त्री बन्ने लिखित समझदारी गरियो । आफ्नो पालो सकिएपश्चात् सत्तामै रहिरहने व्यक्तिगत आकांक्षाले प्रतिनिधिसभा विघटन भयो । अर्को उदाहरण अत्यन्त लज्जास्पद छ । जिन्दगीभर लोकतान्त्रिक मूल्य-मान्यताका लागि कुरबानी गर्दै आएको दल नेपाली कांग्रेस हो ।

नेपाली कांग्रेसकै थुप्रै कार्यकर्ताहरुलाई हत्या गरेर सत्तामा आइपुगेको दल माओवादी केन्द्र हो । कुनै बेला माओवादीकै कारण विधवा हुन पुगेकी महिलालाई समेत चुनावी गठबन्धनले गर्दा हँसिया-हथौडामा मत दिनुपर्ने बाध्यात्मक परिस्थिति निर्माण गरियो । यसको विरोध गर्नेहरू कारबाहीमा परे । प्रतिनिधिसभामा सबैभन्दा ठूलो दल नेपाली कांग्रेस र दोस्रो सबैभन्दा ठूलो दल नेकपा एमालेका बीचको गठबन्धन सरकार यतिखेर सत्तामा छ । लामो समयदेखि लोकतान्त्रिक अभ्यास गरिरहेका देशहरूमा ठूलो दल सरकारमा पुग्छ । दोस्रो दलले प्रतिपक्षी भूमिका निर्वाह गर्दछ । नगन्य स्थानमा विजय भएको तेस्रो दल प्रमुख प्रतिपक्षको भूमिकामा जमेको छ । लोकतन्त्रमा यस्तो दृश्य प्राय: देखिँदैन । तीनवटै उदाहरणहरु नेपालमा राजनीतिक स्थिरता प्रदान गर्ने नाराका साथ गठबन्धनमा आबद्ध भएका हुन् तर प्रतिबद्धता व्यक्त गरेअनुसारको कार्यसम्पादन नतिजामा देख्न सकिएको छैन ।

*बाँकी पृष्ठ-३.....*

# पसिनाको मूल्य खोज्दै सडकमा उखु किसान

काठमाडौं/हरितालिका तीजको रौनकले छोएको छैन, पवनकुमारी र रितालाई । एकैघरका यी देउरानी-जेठानी दर खाने माहोल छोडेर राजधानीको माइतीघर आइपुगेका छन् । त्यो पनि सरकारसँग उखुको पैसा उठाउन । 'तीज लागेको छ नि सबैतिर, तर उखुको पैसा नपाएपछि त हाम्रो यस्ता चाडबाड रोकिन्छ । यो आएन भने अब दसैं नै खल्लो हुन्छ,'माइतीघर मै तीज मनाउने बताउँदै पवनकुमारी भन्छिन्, 'अब यहीँ पानी नखाई निराहार व्रत बस्छौं । पैसा नउठाइ जान्नौं ।'

गत सालसम्म उनीहरु उखु मिलहरुले पैसा दिएनन् भनेर सरकारसँग गुनासो सुनाउन आइरहेका हुन्थे, राज्यले दिलाइदेला भन्ने अपेक्षा लिएर । तर, यसपटक परिस्थिति फरक छ । सरकारले नै पैसा दिएन भनेर माइतीघर आइपुगेका छन् । जसलाई गुनासो सुनाउनुपर्ने, उसकै कारण सिर्जित समस्याले आफ्नो चाडबाड बिग्रिएकोमा खिन्न देखिन्थे, पवनकुमारी र रीता ।



**उखु आन्दोलनमा सहभागी पवनकुमारी र रिता**

सर्लाहीको हरिवन नगर पालिका-९ देखि काठमाडौं धाएका यी दुई महिलाले आफ्नो पसिनाको मूल्य माग्न सडकमा उभिनुपरेको छ । उनीहरूको माग स्पष्ट छ - सरकारले नै तोकेको उखुको प्रति क्विन्टल ७० रुपैयाँ अनुदान र बक्यौता रकम तत्काल भुक्तानी होस् । पवनकुमारी र रिताकाअनुसार उनीहरूको परिवारमा छोरा, बुहारी, नातीनातिना छन् । कडा स्वरमा बोलिरहेका उनीहरुको आँखामा भने छट्पटी स्पष्ट देख्न सकिन्थ्यो । 'चाडबाडको मुखमा हिँड्न कसलाई रहर हुन्थ्यो र ? तर, यो पैसा भएन भने घर चल्न गाह्रो हुन्छ । हामी दुबैलाई अढाई लाख हाराहारीका दरले सरकारले पैसा दिनुपर्ने छ । तर, कहिले आधा दिन्छु भन्छ कहिले के ?,' रिताले संचारकर्मीसँग भनिन् ।

०००

आइतबार दिउँसो माइतीघरमा आन्दोलित उखु किसानले बानेश्वरको फन्को मारेर माइतीघरमै पुगेर कार्यक्रम गरे । तर, उनीहरुको ग्यालीमा हिँड्न नसक्ने अवस्थामा थिए सर्लाहीका ६४ वर्षीय वृद्ध जंगली महतो र सूर्यनारायण राय यादव । एकअर्कालाई हितैसी साथी बताउने यी दुई हिंडेर बानेश्वर जानसक्ने अवस्था थिएन ।

'हामी बुढा भयौं भनेर साथीहरुले यहिँ बस्न भनेका छन् । उनीहरु यहिँ आउँछन् रे अहिले,' माइतीघरको पेटीमा बानेश्वर फन्को लगाउन हिँडेका साथीहरुको ग्याली कुरिरहेका उनीहरूले एकस्वरमा भने । सूर्यनारायण, जो पहिले सर्लाहीको जिल्ला विकास समितिमा थिए र अहिले उखु उत्पादक महासघंका सदस्य छन् । जंगली पनि स्थानीय नेता हुन्, किसानका । दुवैको पीडा एउटै छ - सरकारले दिने प्रतिक्विन्टल ७० रुपैयाँ अनुदान रकम यो वर्ष बजेटमै समावेश नहुँदा पाएनौं ।

जंगलीको व्यक्तिगत बक्यौता १५ हजार रुपैयाँ छ, जुन उनले बेचेको २१० क्विन्टल उखु बेचेको अनुदान रकम हो । सूर्य नारायणको पनि करिब २० हजार रुपैयाँ बक्यौता छ । 'अरुका लागि थोरै रकम भएपनि हाम्रो लागि यो धेरै हो । पसिनाको मूल्य हो,' सूर्य नारायणले भने । जंगली थप्छन् - यो वर्ष उखु कम भयो, तर हाम्रो मेहनतको मूल्य त पाउनुपर्‍यो । यी दुवैले २९ वर्षदेखि उखुको लागि संघर्ष गर्दै आइरहेका छन् । मेहनत गरेर लगाएको उखुमाथि ठूलो राजनीति हुनेगरेको उनीहरुको बुझाइ छ । अदृश्य बिचौलियाकै कारण यस्तो भएको शंका यी दुवैको छ । नत्र १८ महिना लगाएर हुर्केको उखुमाथि किसानले गरेको मेहनत सरकारले अन्देखा गर्नुपर्ने कारण नरहेको उनीहरु बताउँछन् ।

सूर्यनारायणकाअनुसार माघ महिनामा रोपिएको उखु करिब १८ महिना लगाएर तयार हुन्छ । एका बिघामा २ देखि ३ लाख रुपैयाँ लगानी लाग्छ । यो लगानी उठाउन डेढ वर्ष कुर्नुपर्छ । तर, पाउनुपर्ने रकम दुई वर्षसम्म पनि पाइँदैन । 'उखु तराई-मधेशको मुख्य बाली हो, जसमा हामीजस्ता धेरै किसानको जीविकोपार्जन निर्भर छ,' सूर्यनारायण र जंगलीले समान समस्या सुनाए, 'उखुको पैसा नआए बच्चाको स्कूल फी तिर्न सकिँदैन, खर्च चल्दैन । सँगसँगै अरु खेती पनि हुन्छ । तर, सरकारले महत्व बुझेन, किसानलाई हेप्यो । आफ्नो सामान्य हक खोज्न पनि हरेकवर्ष काठमाडौं नै आउनुपर्ने किन ?'

०००

रौतहटका श्याम यादव आफ्नो पसिनाको मूल्य माग्न माइतीघरमा छन् । पुस्तौंदेखि उखु खेतीमा जोडिएको उनको परिवारले हरेक वर्ष बक्यौता रकमको लागि आन्दोलन गर्नुपर्ने बाध्यता छ । 'मेरो बुवा-बाजेले पनि उखु खेती गर्नुभयो, हामीले निरन्तरता दियौं, तर हरेक वर्ष सडकमा आउनुपर्छ,' श्यामले गुनासो गरे ।

श्यामले १५ बिघामा उखु खेती गर्छन्, जसबाट गत वर्ष सात हजार क्विन्टल उखु बाबा बैजुनाथ सुगर मिलमा बेचे । मिलले सबै पैसा दियो । तर, सरकारले दिनुपर्ने ७० रुपैयाँ अनुदान, अर्थात् करिब ५ लाख रुपैयाँ अझै पाएका छैनन् । उनकाअनुसार यो रकम परिवारका लागि अति आवश्यक छ अहिले । चाडबाड मुखमा भएकाले झन् तनावमा देखिन्छन् ।

श्यामका दुई छोरा र एक छोरी हेटौंडाको निजी स्कुलमा पढ्छन्, शूल्क तिर्नुपर्छ । अरु मजदुरको ज्याला पनि दिनुपर्छ । 'तर, सरकारले नै धोका दियो । माग पुरा नभएसम्म सडक छोडिन्न,' उनले शंका गरे, 'मलाई लाग्छ, मिल मालिकहरूले सरकारलाई प्रभावमा पार्छन्, अनि हाम्रो पैसा अड्किन्छ । हामीजस्ता किसानलाई निरुत्साहित गरेर उनीहरू विदेशबाट चिनी मगाएर कमिसन खान चाहन्छन् ।'

**स्थानीय जनप्रतिनिधि नै सडकमा**

उखु किसानहरूको आन्दोलनमा पहिलो दिन नै साथ दिन आइपुगेका थिए, गोडैता नगर पालिकाका मेयर देबेन्द्र कुमार यादव र प्रतापपुर गाउँपालिकाका अध्यक्ष उमेश चन्द्र यादव । माइतीघरमा उभिएर उनीहरुले किसानको मागमा ऐक्यबद्धता जनाए- संघ सरकारले जसरी पनि प्रति क्विन्टल ७० रुपैयाँको दरले तोकिएको अनुदान दिनुपर्छ । आफूहरुले पटकपटक केन्द्र सरकारलाई उखु किसानको माग सुन्न अनुरोध गर्दा पनि बेवास्ता भएकोमा उनीहरु आक्रोशित सुनिन्थे । गोडैता नगरपालिकाका मेयर यादवले भने, 'हामीले शंकर पोखरेलदेखि शेरबहादुर देउवासँग भेटेर प्रधानमन्त्रीसम्म पुर्याइदिन अनुरोध गर्यौं । माग सुनुवाइ होस् भनेर पहल गर्यौं । तर कसैले हामीलाई वास्ता गरेन ।'

यादवले अझै धेरै किसानलाई सडकमा उपस्थित भएर आन्दोलनलाई बलियो बनाउन आह्वान गरे । 'आज हजारौं छौं, भोलि लाखौं किसान आएर यो सरकारलाई घुँडा टेकाउँछौं । त्यसै छोडिन्न,' उनले भने । यसरी पटकपटक आह्वान गर्दा सरकार तर्फबाट ७० को ठाउँमा ३५ रुपैयाँमात्र दिने भनिएकोमा समेत आपत्ति जनाए । तर, जति भनिएको थियो त्यति रकम नदिए सडक नछोड्ने चेतावनी उनले दिए ।

त्यस्तै, प्रतापपुर गाउँपालिकाका अध्यक्ष उमेश चन्द्र यादवले सरकारको अनुदान कटौतीको घोर निन्दा गरे । 'माधवकुमार नेपालको प्रधानमन्त्रीकालमा चिनी बिक्रीको भ्याटको ५० प्रतिशत अनुदान दिने निर्णय भएको थियो, जुन पछि ७० प्रतिशत हुँदै ९० प्रतिशतसम्म पुग्यो । तर, वर्तमान सरकारले यो अनुदान कटौती गर्ने दुष्प्रयास गरेको छ,' उनले भने ।

उनकाअनुसार उखुलाई राष्ट्रिय बालीमा सूचीकृत गरेर पनि सरकारले किसानलाई भुक्तानी दिँदैन । यो विडम्बना हो । आफूहरुले साउन १८ गतेदेखि नै प्रमुख जिल्ला अधिकारीमार्फत् प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको र सत्ताधारी दलका नेताहरूसँग भेट्दा पनि सकारात्मक जवाफ नपाएको बताए । 'हामी बाध्य भएर यहाँ छौं । यी पिडित किसानसँग हामी स्थानीय जनप्रतिनिधि छौं । प्रतिक्वीन्टल ७० रुपैयाँ अनुदान लिएरै फर्किन्छौं,' उनले भने ।

**३० वर्षदेखि संघर्षरत**

नेपाल उखु उत्पादक महासंघका केन्द्रीय अध्यक्ष राजकुमार उप्रेतीले आफूहरुले उखु किसानको लागि ३० वर्षदेखि निरन्तर संघर्ष गर्दै आएको बताए । उनका अनुसार सोही आन्दोलनको सिलसिला हो यो । मधेश प्रदेशका आठ जिल्ला- कञ्चनपुर, नवलपरासी, महोत्तरी, सिरहा, सुनसरी, सर्लाही, बारा र रौतहटका हजारौं किसान एकजुट भएर एक अर्ब ५५ करोड बक्यौता अनुदान (प्रतिक्विन्टल ७० रुपैयाँ) भुक्तानीको माग गर्दै सडकमा छन् । '२०४८ सालमा हामीले एक तिहाइ उखुमा आगो लगाउनुपर्‍यो, किनभने उद्योगले किन्न सकेनन्,' उप्रेतीले सम्झिए । उनले बताएअनुसार त्यसपछि उद्योगहरू खुले, तर उनीहरूले उखु पेल्न नसक्दा फेरि आगो लगाउनुपर्‍यो ।

२०६५/६६ मा उद्योगपतिले मूल्य ४१२ बाट साढे ३ सयमा झारेपछि सर्लाहीमा ठूलो आन्दोलन भयो, हजारौं किसान घाइते भए, कर्फ्यू लाग्यो । यो संघर्षले २०६६ मा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालको नेतृत्वमा बिक्रीको भ्याटको अनुदानस्वरुप प्रतिक्विन्टल ६५ रुपैयाँ प्राप्त भयो । हाल यो अनुदान ७० रुपैयाँ पुर्‍याइएको छ । तर सरकारले यो वर्ष बजेटमा यसबारे केही समावेश नै गरेन ।

उप्रेती भन्छन्- २०८१/८२ मा २ करोड १६ लाख क्विन्टल उखु पेलियो, जसको अनुदान १ अर्ब ५५ करोड हुन्छ । तर, सरकारले यो रकम छुट्याएन । यी रकम पाउन किसानहरुले असारमै अर्थमन्त्रीलाई भेटे । त्यसबेला सुनेअनुसार अहिले ८० करोड रुपैयाँ कृषि मन्त्रालयमा बचेको छ । जसको आधारमा सरकारले प्रतिक्वीन्टल ३५ रुपैयाँमात्र अनुदान दिने भन्यो । बाँकी ७५ करोडको व्यवस्था भएन । यसले किसानलाई झन् आक्रोशित बनायो । 'आधा पैसा घटाएर दिन्छु रे ! हामीले भिख मागेको हो र ? यो हाम्रो अधिकार हो,' उनले भने, 'जबकी चिनी बिक्रीको भ्याटबाटै यो रकम आउँछ, सरकारको खल्तीबाट दिनुपर्ने पनि हैन ।

उप्रेतीका अनुसार उखुमा गरिएको लगानी तीन वर्षको लागि हुन्छ । एक बिगाहामा उखु लगाउँदा थोरैमा अढाई लाख खर्च हुन्छ । त्यसैले अनुदान हटाउने नै भए सरकारले तीन वर्ष अगाडि जानकारी दिनुपर्छ । आजको नीति हेरेर किसानले खेती गर्छन् । त्यसैले एकाएक घोषणा गरेर अबबाट पाइन्न भन्नु झन् ठूलो अपराध भएको उनले बताए ।

'लगभग एक लाख किसान परिवार यो संघर्षमा छन् । यो पैसा हाम्रो दसैं, तिहार, छठको खर्च हो । यो नआए हामी भोकै बस्छौं,' आमकिसानको चिन्ता गर्दै उनले भने, 'त्यसैले सरकारलाई त्रिपक्षीय वार्ता (किसान, उद्योगी र सरकार) मार्फत मूल्य निर्धारण गर्न र समयमा भुक्तानी सुनिश्चित गर्नुपर्छ । मूल्य तोक्ने विषयमा पनि हाम्रो गुनासो छ ।' यसरी सरकारले नै नियतबस् किसानलाई निरुत्साहित गर्दा खेती कम हुने र उद्योगधन्दा धराशायी हुनसक्ने चेतावनीसमेत उप्रेतीले दिए ।

*(स्रोत: अनलाइनखबर)*

# 'कबड्डी' जोडीको 'रिमै' ट्रेलरमा परम्परा र इच्छाबीचको द्वन्द्व





काठमाडौं/'कबड्डी' जोडी दयाहाङ राई र रिश्मा गुरुङको मुख्य भूमिका रहेको फिल्म 'रिमै'को ट्रेलर सार्वजनिक गरिएको छ । भदौ २० गतेबाट प्रदर्शनमा आउन लागेको फिल्मको साढे तीन मिनेट लामो ट्रेलरले कथावस्तु र केन्द्रीय द्वन्द्वबारे प्रकाश पारेको छ । गुरुङ समुदायको विवाह संस्कारलाई मुख्य विषयवस्तु बनाएर फिल्मले त्रिकोणात्मक प्रेमकथा प्रस्तुत गरेको ट्रेलरबाट बुझ्न सकिन्छ ।

दयाहाङ र रिश्माका परिवारले उनीहरुको सानै उमेरमा विधि पुर्‍याएर बिहे छिनेका हुन्छन् । जब उनीहरु ठूला हुन्छन् र दुवै परिवारमा विवाहको तयारी सुरु हुन्छ, तब रिश्मा अर्कै युवक (अर्पण थापा)सँग भाग्छिन् । पछि रिश्मा पछुताएको दृश्यसँगै ट्रेलरले विट मारेको छ । समग्रमा परम्परा र इच्छाबीचको द्वन्द्व नै फिल्मको मूल कथा रहेको देखिन्छ ।

खिल बहादुर गुरुङको निर्देशनमा बनेको फिल्ममा दयाहाङ, रिश्मा र अर्पणसहित गौमाया गुरुङ, कविता आले मगर, माओत्से गुरुङ, पुस्कर गुरुङ, बाल कलाकारहरु असिम सुब्बा, प्रेस्टु गुरुङ र प्रश्ना राना मगर लगायतको अभिनय रहेको छ । फिल्मको निर्माणमा गोरखा सिरानचोक एण्ड लिगलिगकोट फिल्म्सले रोटेपिङ इन्टरटेनमेन्टसँग सहकार्य गरेको छ ।

कवि तथा निर्देशक उपेन्द्र सुब्बाको पटकथा लेखन रहेको फिल्मलाई शैलेन्द्र ध्वज कार्कीले खिचेका हुन् । वीरवल घले कार्यकारी निर्माता रहेको फिल्ममा टीका गुरुङ, जित यात्री गुरुङ र दुन बहादुर घले निर्माता तथा बिनु गुरुङ, रोशन भट्टराई र राजेश घिमिरे सह-निर्मातामा छन् । यसमा मित्र डि गुरुङको सम्पादन रहेको छ ।

# दुई दिन कस्तो चले शुक्रबारका तीन फिल्म ?







काठमाडौं/गत बैशाख पछि फिल्म क्षेत्रमा एकखालको निराशा छाएको थियो । किनकि, एकपछि अर्को आशातित फिल्मले अपेक्षित व्यापार गर्न सकेका थिएनन् । गत साउन २३ गतेबाट प्रदर्शन भएको फिल्म 'मोहर'ले भने केही आशा जगायो । यसले प्रदर्शनको दुई साता सुखद व्यापार गरेको थियो । तेस्रो हप्ताको शनिबारसम्म चार करोड ग्रस कमाइ गर्दै यो फिल्म वर्षको 'दोस्रो हिट' बनिसकेको छ ।

'मोहर'पछि फिल्मकर्मीहरुको आशा शुक्रबारबाट प्रदर्शनमा आएका तीन फिल्म 'माग्ने राजा', 'जनै हराएको मान्छे' र 'ताराहरू'प्रति थियो । तर, के यी फिल्मको प्रदर्शन अपेक्षा गरे अनुरुप नै रह्यो त ? दुई दिनको व्यापारिक अवस्था हेर्दा 'माग्ने राजा'को प्रदर्शनलाई भने सन्तोषजनक मान्न सकिन्छ । यो फिल्मले शुक्रबार औसत व्यापार गरेको भए पनि शनिबार बक्सअफिसमा राम्रो अंक जोड्यो ।

शुक्रबार 'माग्ने राजा'को देशव्यापी अकुपेन्सी समग्रमा ३५-४० प्रतिशत थियो । मध्यान्हबाट हलमा दर्शकको चाप बढ्दा फिल्मले उक्त अकुपेन्सी जोड्न सफल भएको थियो । नभए त बिहानी शोमा २० प्रतिशत पनि अकुपेन्सी थिएन । शनिबार भने फिल्मको अुकपेन्सीमा राम्रो वृद्धि देखियो । फिल्मलाई उपलब्ध शोहरुमध्ये ४० प्रतिशत भन्दा धेरैमा ७५-८० प्रतिशत अकुपेन्सी रहेको थियो ।

'माग्ने राजा'का वितरक रोहित कट्टेलको दाबीलाई मान्ने हो भने 'ऊनको स्वीटर'पछि दर्शक पाएको यही फिल्मले हो । उनका अनुसार फिल्मले दर्शक आइरहने पहिलो श्रेणीका हलमा मात्र नभइ चाडबाडमा मात्र हाउसफुल हुने हलमा समेत राम्रो व्यापार गरेको छ । फिल्मलाई दर्शकहरुबाट उत्साहजनक प्रतिक्रिया मिलेकाले आगामी दिनमा पनि व्यापार राम्रो रहने उनको विश्वास छ ।

यो फिल्मसँगै प्रदर्शनमा आएको 'जनै हराएको मान्छे'ले भने अपेक्षा अनुरुप कमाइ गर्न सकेको देखिँदैन । पहिलो दिन फिल्मको देशव्यापी अकुपेन्सी २५ प्रतिशत र शनिबार ४५ प्रतिशत आसपास रहेको थियो । यद्यपि, यो फिल्मको 'वर्ड अफ माउथ' बलियो छ । दर्शकहरु फिल्म हेरेर रूँदै हलबाट निस्किएका छन् । यसैले आगामी दिनमा फिल्मको व्यापार बलियो रहने अपेक्षा गरिएको छ ।

शो बाँडफाँडमै 'माग्ने राजा' र 'जनै हराएको मान्छे'को चेपुवामा परेको 'ताराहरू'ले भने हलमा दम तोडिसकेको छ । शुक्रबार र शनिबार दुवै दिन फिल्मको देशव्यापी अकुपेन्सी १० प्रतिशत पनि पुग्न सकेन । शनिबार समेत दर्शकको उपस्थिति अत्यन्त नाजुक रहेपछि प्राय: मल्टीप्लेक्सले यो फिल्मलाई आइतबारबाट हटाइसकेका छन् । फिल्मलाई दर्शकीय प्रतिक्रिया भने राम्रो मिलेको छ ।

दुई दिन व्यापारमा जुन अगाडि र पछाडि भए पनि बक्स अफिसमा तीन फिल्मको वास्तविक परीक्षा आइतबारबाट सुरु भएको छ । किनकि, अब भनेको 'वर्ड अफ माउथ पब्लिसिटी'को आधारमा मात्र फिल्म चल्ने हो । शुक्रबार र शनिबार हल पुगेका दर्शकले फिल्मबारे मौलिक वा सामाजिक सञ्जालमार्फत कस्तो प्रचार गर्छन्, त्यसमै यी तीन फिल्मको व्यावसायिक भविष्यमा अडिएको छ ।

# 'मालती मंगले'को कार्यशालामा पात्रबारे बुझ्दै विजय र वर्षा

काठमाडौं/चर्चित गायक रामकृष्ण ढकालले पहिलो पटक निर्माण गर्न लागेको फिल्म 'मालती मंगले'को यतिबेला काठमाडौंमा कार्यशाला चलिरहेको छ । भदौ दोस्रो साताबाट छायांकन सुरु हुन लागेको यो फिल्मको कार्यशाला कलाकार तथा नाट्य निर्देशक संयोग गुरागाईंको संयोजनमा सञ्चालन भइरहेको हो । उनी फिल्मका पटकथा तथा संवाद लेखक समेत हुन् ।

वर्कसपमा फिल्मका मुख्य अभिनेता विजय बराल र अभिनेत्री वर्षा राउतसहित सुवर्ण थापा, मेक्सम गौडेल, प्रकाश घिमिरे, सरिता गिरी, सुष्मा निरौला, सुनिल तामाङ, उमेश सुनाम, शकु शाह, सुचित्रा उप्रेती लगायतका कलाकारहरू सहभागी छन् । उनीहरुले वर्कसपमा स्क्रिप्ट पढ्दै आफूले निभाउने पात्रलाई नजिक्बाट बुझ्ने प्रयास गरिरहेका छन् ।

अभिनेता बरालले 'मालती मंगले'ले नेपाली समाजको यथार्थ कथालाई रोचक तरिकाले प्रस्तुत गर्ने विश्वास व्यक्त गरे । उनले भने, 'पात्रलाई अझै नजिकबाट बुझ्न यो वर्कसपले ठूलो मद्दत पुर्‍याएको छ। दर्शकले आफ्नो कथा पर्दामा देखेझैं अनुभूति गर्नेछन् ।' त्यसैगरी, अभिनेत्री राउतले कार्यशालालाई आफूलाई पात्रमा ढाल्ने अवसरका रुपमा लिएको बताइन् । उनी भन्छिन्, 'यो फिल्म पारिवारिक भावनासँग जोडिएको छ । वर्कसपमार्फत पात्रको गहिराइमा पुग्ने अवसर पाइरहेकी छु ।' यो फिल्ममा उनको जोडी विजयसँग बाँधिनेछ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# नैतिकताको कसीमा....

**नैतिकताका आधारमा राजनीति गर्नेहरू:**

नेपालमा नैतिकतालाई प्राथमिकतामा राखी राजनीति गर्नेहरू केही देखिएका छन् । डा. रामशरण महतले अर्थमन्त्रीको पदबाट पहिलोपटक २०५३-५४ मा उनको नाममा विदेशी बैंकमा खाता रहेको आवाज संसद्मा उठेपछि यसको निष्पक्ष छानबिन होस् भन्दै राजीनामा दिएर मार्गप्रशस्त गरिदिएका थिए । पछि उनको खाता विदेशी बैंकमा देखिएन । २०५९ सालमा प्रधानमन्त्री शेरबहादुर देउवाले संसद् विघटन गरेपछि उनकै मन्त्रिपरिषद्मा अर्थमन्त्री रहेका महतले राजीनामा दिएका थिए । २०४६ सालको जनआन्दोलनमा सर्वोच्च कमान्डरका रुपमा रहेका गणेशमान सिंहलाई राजाबाट प्रधानमन्त्री बन्न प्रस्ताव भएछ । गणेशमानजीले आफू प्रधानमन्त्री नबन्ने तर कृष्णप्रसाद भट्टराईलाई प्रधानमन्त्री बनाउन प्रस्ताव गर्नुभएछ । राजनीति गर्ने व्यक्तित्वले प्रधानमन्त्री पद परित्याग गर्ने भनेको यो अत्यन्त ठूलो छाती भएको नेताले मात्र गर्न सक्छ । यो उदाहरण गणेशमानजीले प्रस्तुत गर्नुभयो । नेपालको राजनीतिक इतिहासमा आफ्नो नाम स्वर्ण अक्षरले लेखाउन सफल हुनुभयो । बीपी कोइराला गृहमन्त्री हुँदा प्रहरीको गोली लागी विद्यार्थी नेता चिनियाकाजीको निधन भएपश्चात् नैतिकताका आधारमा उनले राजीनामा गरेका थिए । कृष्णप्रसाद भट्टराईले आफूलाई नि:स्वार्थ र लोकतन्त्रप्रति प्रतिबद्ध नेताका रुपमा आफ्नो पहिचान बनाए । आफ्नै दलले उनलाई पटक-पटक अपमान र तिरस्कृत गर्दा पनि लोकतन्त्रप्रतिको उनको प्रतिबद्धतामा कुनै कमी आएन । उनले राजनीतिबाट आफूलाई अलग राख्ने निर्णय लिए । देश गणतन्त्रमय बनेपश्चात् तत्कालीन सञ्चारमन्त्री गोकुलप्रसाद बास्कोटाको रिसबत लिनुदिनु गर्ने अडियो सार्वजनिक भएको थियो । उनले पदबाट राजीनामा दिए, निष्पक्ष छानबिनको माग गरे । यद्यपि हालका दिनसम्म उनीमाथि भएको छानबिनको नतिजा बाहिर आउन सकेको छैन ।

तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले असम्बन्धित मानिसलाई मध्यरातमा अर्थ मन्त्रालयमा प्रवेश गराई प्रस्तावित बजेट प्रभावित गराएको आरोप लागेपश्चात् राजीनामा दिए । केही दिन मन्त्री पदबाट बाहिर राखी उनलाई योजनाबद्ध हिसाबले चोख्याउने काम भयो र पुन: अर्थमन्त्री बनाइयो भन्ने आलोचना भइराखेको छ । माधवकुमार नेपालजी दुईवटा निर्वाचन क्षेत्रबाट संविधानसभाको निर्वाचनमा पराजित भए । नैतिकताका आधारमा महासचिवबाट राजीनामा गरे । तर झ्यालबाट प्रवेश गरी सांसद बन्दै त्यही अवधिमा देशको प्रधानमन्त्री बने । उनी प्रधानमन्त्री बन्दा टासी रिजाल कम्पनीको जग्गा, ललिता निवासको जग्गा घोटालाको आक्षेप उनीमाथि लाग्दै आएको छ । पतञ्जली प्रकरणमा उनीमाथि भ्रष्टाचारको मुद्दा चलाइएको छ । तर उनै नेपालजी नेकपा एकीकृत समाजवादी नामको राजनीतिक दलको सभापति पदमा सुशोभित बनेका छन् । अरुलाई आदर्शका पाठ पढाइराखेका छन् । उनको नैतिकतालाई कुन हिसाबले लिने होला ? प्रश्न अनुत्तरित छ । केही मन्त्रीहरूले काठमाडौँमा घर हुँदाहुँदै घरभाडा नलिने निर्णय गरी आफ्नो नैतिक धरातल कायम गरे । तर मन्त्रीभन्दा धेरै ठूला पदमा आसीन भएकाहरूले अनैतिक हिसाबले राष्ट्रिय ढुकुटीबाट अन्धाधुन्ध दोहन गरिराखेको सन्दर्भ नेपाली नागरिकहरुलाई स्पष्ट छ । नेपालका राजनीतिज्ञहरुमा देखिएको नैतिक धरातल यही हो ।

नैतिकताकै कुरो गर्दा पञ्चायती समयमा तत्कालीन प्रधानमन्त्री स्वर्गीय कृतिनिधि विष्टले सिंहदरबार आगलागी हुँदा राजाले राजीनामा नदेऊ भन्दै गर्दा उनको अन्तरात्माले जिम्मेवारी बहन गर्‍यो । पदमा बस्न उपयुक्त देखेनन्, राजीनामा गरे । तत्कालीन खेलकुदमन्त्री केशरबहादुर विष्टले दशरथ रङ्गशालामा भएको भागदौडमा केही मानिसहरू हताहत भएपछि त्यसको जिम्मेवारी लिँदै राजीनामा दिए । अर्का सहायक मन्त्री कल्पना विष्टले सोभियत संघमा ओलम्पिकमा भाग लिन नेपाली खेलाडीहरू पठाउने वक्तव्य दिएपश्चात् विवादमा परिन् । किनकि सरकारले विधिवत् निर्णय गरेकै थिएन । पठाउने कि नपठाउने दुविधा सरकारमा थियो । त्यसैले मन्त्रालयको एक सहसचिव स्तरको कर्मचारी जसले उनको वक्तव्यको मस्यौदा तयार पारिदिएका थिए । उनलाई बलि चढाई सहायक मन्त्री विष्टलाई बचाउने रणनीति दरबारले लियो । तर सहायक मन्त्री विष्टले यो प्रस्ताव मानिनन् । आफैं काम लगाउने, आफैंले त्यही मस्यौदा पढ्ने, यस्तो कृतघ्न कर्म गरेर मन्त्री पद नबचाउने निर्णय लिई राजीनामा दिइन् ।

कृतिनिधि विष्टले सिंहदरबार आगो लगाएका थिएनन् । केशर विष्टले रङ्गशालामा हुरीबतास आउने परिस्थिति बनाएका होइनन् । कल्पना विष्टले सहसचिव स्तरको कर्मचारीबाट तयार भएको वक्तव्य दिएकी हुन् । तर उनीहरू तीनै जनाले आफू निर्दोष हुँदाहुँदै नैतिक्ताको आधारमा पदीय जिम्मेवारी बहन गर्दै राजीनामा दिए । संयोग, यी तीनैजना पञ्चायती शासनका विष्ट थर भएका मन्त्रीहरू थिए । लोकतन्त्र र गणतन्त्रकालका राजनीतिज्ञहरुले यी महापञ्चहरूबाट पाठ सिक्नुपर्ने होइन र ?

**निष्कर्ष:**

नैतिकताको सन्दर्भ विशुद्ध व्यक्तिमा निर्भर गर्दछ । व्यक्तिले ग्रहण गरेको राजनीतिक संस्कार नै यसको लागि निर्णायक बन्दछ । राजनीतिज्ञहरूलाई कर्तव्यपरायण र नैतिकवान् बनाउने सन्दर्भमा केही पक्षहरूमा ध्यान दिनुपर्दछ । पहिलो हो, लोकतान्त्रिक संस्थाहरु सुदृढ र सक्षम हुनुपर्दछ । यस्ता संस्थाहरुको विकासबाट राजनीतिक संस्कार पूरा गर्न राजनीतिज्ञहरुलाई बाध्य बनाउँछ । दोस्रो हो, नागरिकहरूमा सचेतनाको स्तर उच्च हुनुपर्दछ । सचेत नागरिकहरूले आफ्ना प्रतिनिधिहरूको सही मूल्याङ्कन गर्न सक्छन्, राजनीतिज्ञहरू ठीक दिशामा अभिमुख हुन थाल्छन् । यो परिस्थिति शिक्षित र सचेत मतदाताहरुले मात्र बनाउन सक्छन् । तेस्रो हो, नेतृत्वमा रहेकाहरूले प्रत्यक्षरुपमा जवाफदेहिता बहन गर्न सक्नुपर्दछ । जवाफदेही राजनीतिक नेतृत्व स्वत: नैतिकवान् बन्दछ । किनकि उसको भक्तिभाव आफूलाई निर्वाचित गरेर पठाउने मतदाताहरूप्रति हुन्छ । चौथो हो, सफल र सक्षम नागरिक समाज जरुरी हुन्छ । यस्तो नागरिक समाज र सामाजिक अभियन्ताहरुले निरन्तररुपमा गलत कार्यहरू गर्न नदिन दबाब दिन सक्छन् । नेतृत्व तह यो दबाबका सामु झुक्न बाध्य हुनुपर्दछ ।

*(साभार: न्यूज अफ नेपाल)*

# साउनमा चार करोड बजेट खर्च, ५ मन्त्रालयले तलब भुक्तानी गरेन

साझाकुरा संवाददाता

हेटौंडा, ८ भदौ/ बागमती प्रदेशको ५ वटा मन्त्रालयले चालु आर्थिक वर्ष २०८२/८३ को साउन महिनामा कर्मचारीको तलबभत्ता भुक्तानी गरेको छैन ।

आर्थिक मामिला तथा योजना मन्त्रालयको विवरण अनुसार पाँचवटा मन्त्रालयको चालुतर्फको खर्चसमेत शून्य छ । चालुतर्फ मन्त्रालयहरुका अनिवार्य दायित्वका शीर्षक भने रहने गर्छन्, जसमा पहिलो र ठुलो रकम कर्मचारीको तलब र भत्ता समावेश गरिएको हुन्छ । संस्कृति तथा पर्यटन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, उद्योग, वाणिज्य भूमि तथा प्रशासन मन्त्रालय, सहकारी तथा गरिबी निवारण मन्त्रालयले चालुतर्फको खर्च गरेका छैनन् ।

मुख्य न्यायाधीवक्ताको कार्यालय, प्रदेशसभा सचिवालय, प्रदेश नीति तथा योजना आयोगका कर्मचारीका तलब भत्ता भुक्तान भएको छैन ।

चालु आर्थिक वर्षको साउनमा प्रदेश सरकारले कुल विनियोजित बजेटको ३ करोड ८७ लाख ३४ हजार रुपैयाँ खर्च गरेको छ जुन कुल बजेटको ० दशमलब ०६ प्रतिशत हो । चालु आर्थिक वर्षका लागि प्रदेश सरकारले चालुतर्फ २६ अर्ब ४ करोड ४६ लाख रुपैयाँ र पूँजीगततर्फ ४१ अर्ब ४३ करोड २६ लाख रुपैयाँ गरी कुल ६७ अर्ब ४७ करोड ७३ लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो । साउनमा प्रदेश सरकारले चालुतर्फ कुल विनियोजित बजेटको ३ करोड १५ लाख ३४ हजार अर्थात् ० दशमलब १२ प्रतिशत खर्च गरेको छ भने पुँजीगततर्फ ७२ लाख रुपैयाँ अर्थात् ० दशमलब ०२ प्रतिशत खर्च गरेको छ ।




१४ वटा मन्त्रालय, आयोग तथा कार्यालयमध्ये सबैभन्दा बढी प्रदेश लोकसेवा आयोगले खर्च गरेको छ । आयोगले कुल विनियोजित बजेटको ७ दशमलब १० प्रतिशत बजेट खर्च गरेको हो । प्रदेशसभा सचिवालय र मुख्य न्यायाधीवक्ताको कार्यालयले विनियोजित बजेट खर्च गरेको छैन भने प्रदेश नीति तथा योजना आयोगको पनि साउनको वित्तीय प्रगति शून्य छ । यस्तै मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले कुल विनियोजित बजेटको ० दशमलब २८ प्रतिशत अर्थात् १५ लाख ६२ हजार रुपैयाँ खर्च गरेको छ । कार्यालयका लागि चालु आर्थिक वर्षमा ५३ करोड ८० लाख ५८ हजार रुपैयाँ बजेट विनियोजन गरिएको थियो ।

आर्थिक मामिला तथा योजना मन्त्रालयले २१ करोड ९५ लाख ६१ हजार रुपैयाँ बजेटमध्ये साउनमा २० लाख ४९ हजार रुपैयाँ अर्थात् ० दशमलब ९३ प्रतिशत खर्च गरेको छ । उद्योग, वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयले ७७ करोड ९६ लाख ६२ हजार बजेटमा वित्तीय प्रगति शून्य छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले २ अर्ब ६३ करोड ४२ लाखमध्ये ० दशमलब ०३ प्रतिशत मात्र खर्च गरेको छ । खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयले ७ अर्ब २८ करोड २१ लाख बजेटमा ० दशमलब ०१ प्रतिशत रकम खर्च गरेको छ ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयले ६२ करोड ११ लाख ९६ हजार रुपैयाँको बजेटमा ० दशमलब २८ प्रतिशत, संस्कृति तथा पर्यटन मन्त्रालयले ३ अर्ब ६७ करोड ७० लाख रुपैयाँमा खर्च शून्य छ । वन तथा वातावरण मन्त्रालयको ३ अर्ब ९९ करोड ६७ लाख रुपैयाँ, सहकारी तथा गरिबी निवारण मन्त्रालयको २५ करोड ७८ लाख रुपैयाँ, युवा तथा खेलकुद मन्त्रालयको १ अर्ब १६ करोड ८० लाख रुपैयाँ बजेटमध्ये कुनै पनि शीर्षकमा खर्च भएको देखिँदैन ।

३ अर्ब ९६ करोड ८८ लाख रुपैयाँ बजेट रहेको स्वास्थ्य मन्त्रालयले ० दशमलब ०५ प्रतिशत बजेट खर्च गरेको छ भने सामाजिक विकास मन्त्रालयको कुल विनियोजन ४ अर्ब ३५ करोड ९७ लाखमध्ये ० दशमलब २९ प्रतिशत बजेट खर्च गरेको छ । सबैभन्दा बढी बजेट रहेको भौतिक पूर्वाधार विकास मन्त्रालयले कुल विनियोजित २४ अर्ब ८० करोड १९ लाखमध्ये चालुतर्फ ० दशमलब ४४ र पुँजीगततर्फ ० दशमलब ०३ प्रतिशत गरी कुल ० दशमलब ०४ प्रतिशत बजेट खर्च गरेको छ । साउनसम्म अधिकांश मन्त्रालयको विकास बजेट प्रभावकारीरुपमा कार्यान्वयन नहुँदा समयमै योजनाको छनोट, टेन्डर प्रक्रिया तथा ठेक्का सम्झौता नगरी ढिलासुस्ती बढ्ने देखिन्छ ।

# मकवानपुरमा ठूलो परिमाणको लागूऔषधसहित दुई भारतीय पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, ८ भदौ/ मकवानपुर प्रहरीले ठूलो परिमाणमा नेपाल भित्र्याइएका प्रतिबन्धित लागूऔषधसहित दुईजना भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

आइतबार बिहान हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेस्थित पूर्वपश्चिम राजमार्गमा सवारीसाधन चेकजाँच गर्ने क्रममा प्रहरीले लागूऔषधसहित २ जनालाई पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय मकवानपुर र प्रहरीचौकी रातोमाटेबाट खटिएको संयुक्त प्रहरीटोलीले बिहान करिब ९:२५ बजे भारतको र क्सौलबाट काठमाडौंतर्फ आउँदै गरेको बिआर ०१ पिबि १८०२ नम्बरको भारतीय सुमो गाडी रोकेर जाँच गरेको थियो । जाँचका क्रममा गाडीमा सवार भारत उत्तर प्रदेश राज्य बहराईच जिल्लाका ३५ वर्षीय किस्मत अली र २८ वर्षीय शाहरुख अलीलाई शंका लागी खानतलासी गर्दा ठूलो मात्रामा लागूऔषध बरामद गरिएको जिल्ला प्रहरीप्रवक्ता श्यामु अर्यालले जानकारी दिए ।

गाडीको पछाडिपट्टि दुवै छेउको बडीभित्र विशेष तरिकाले लुकाएर ल्याइएका ३९ वटा पोकामा फेनारगन १९५० एम्पुल, नुर्फिन १९५० एम्पुल, डाईजेपाम १९५० एम्पुल गरी जम्मा ५८५० एम्पुल लागूऔषध र २४० क्याप्सुल ट्रामाडोल फेला पारेको जनाएको छ । लागूऔषध बरामदसँगै सुमो गाडी नियन्त्रणमा लिइएको छ । पक्राउ परेका दुबै व्यक्तिलाई प्रारम्भिक अनुसन्धानपछि मकवानपुर जिल्ला अदालत हेटौंडाबाट म्याद अनुमति प्राप्त गरी थप अनुसन्धान कार्य अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका अधिकारीहरुले जानकारी दिएका छन् ।

हालैका वर्षहरुमा भारत तर्फबाट नेपालमा लागूऔषध ओसार पसार हुने क्रम बढ्दो छ । सीमावर्ती क्षेत्रमा चेकपोइन्ट कडा पारिए पनि विभिन्न नयाँ तरिका अपनाएर भारतबाट लागुऔषध ल्याउने काम भइरहेको प्रहरी तथ्यांकले देखाउँछ । यस्ता घटनाले मुलुकभित्र युवावर्गमा लागुऔषध कुलत बढ्ने खतरा बढाएको प्रहरीको भनाइ छ ।

**लागूऔषधसहित दुई महिला पक्राउ**

मकवानपुर प्रहरीले लागूऔषधसहित दुई महिलालाई नियन्त्रणमा लिएको छ । हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटे चेकपोइन्टमा चेकजाँच गर्ने क्रममा उनीहरुलाई पक्राउ गरिएको हो । पक्राउ पर्नेमा हेटौंडा-१० बसपार्कमा बस्ने २९ वर्षीया सम्झना थिङ र सिन्धुली जिल्लाको दुधौली नगर पालिका-९ घरभई हाल हेटौंडा बस्ने २३ वर्षीया सोनिका क्षेत्री रहेको प्रहरीले जनाएको छ ।

प्रहरीचौकी रातोमाटेबाट खटिएको टोलीले पथलैयाबाट हेटौंडातर्फ आउँदै गरेको प्रदेश ३-०३-००१ ह १०३ नम्बरको अटो रोकी जाँच गर्ने क्रममा उनीहरुको साथबाट खैरोहेरोइन ३ ग्राम १५० मिलिग्राम र मोबाइल चार्जरभित्र लुकाइएको नाम नखुलेको सेतोपदार्थ २२ ग्राम २० मिलिग्राम बरामद भएको प्रवक्ता अर्यालले बताए ।

फेला परेको लागूऔषध सहित दुवै महिलालाई नियन्त्रणमा लिई मकवानपुर जिल्ला अदालतबाट म्याद अनुमति प्राप्त गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

# अब फोन गरेरै बाढीसम्बन्धी पूर्वसूचना दिइने

साझाकुरा संवाददाता




हेटौंडा, ८ भदौ/जल तथा मौसम विज्ञान विभागले बाढीसम्बन्धी पूर्वसूचनालाई थप प्रभावकारी बनाउनका सर्वसाधारणलाई फोन गरेरै जानकारी दिने भएको छ ।

विभागले यसका लागि 'भ्वाइस कल' सेवा सुरुगर्ने तयारी गरेको हो । बाढी आउने खतरा देखिएमा एसएमएसमार्फत् सन्देश प्रवाह गर्दै आएको विभागले अबदेखि 'भ्वाइस कल'मार्फत् पनि पूर्वसूचना सम्प्रेषण गर्ने तयारी थालेको हो । विभागका बाढीविद् विनोद पराजुलीले नेपाल टेलिकमसँगको सहकार्यमा विभागले यही सातादेखि परीक्षणका रुपमा 'भ्वाइस कल' मार्फत सूचनाप्रवाह गर्ने तयारी गरि रहेको जानकारी दिए । 'मोबाइल एसएमएस सबै लक्षित वर्गमा पठाएर बाढीबाट हुने धनजनको क्षति न्यूनीकरण प्रयास गर्दै आएका थियौं । तर, सबै जनताले एसएमएस आएको थाहा नपाउन सक्छन् वा सबैले एसएमएस पढ्न सक्दैनन्,' उनले भने, 'त्यसैले फोन नै गरेर सन्देशप्रवाह गर्ने तयारी गरेका हौं ।'

एकैपटक धेरैलाई 'भ्वाइस कल' गर्दा सेवा अवरुद्ध कति हुन्छ ? भन्ने विषयमा थप परीक्षण गर्दैछौं । उनले भने, 'यही साता परीक्षण गर्ने तयारीका साथ छलफल भइरहेको छ ।' पराजुलीका अनुसार बाढीसम्बन्धी पूर्वसूचना उपलब्ध गराएपछि बाढीबाट हुने धनजनको क्षति न्यूनीकरण हुन थालेको छ । पूर्वसूचनालाई थप प्रभावकारी बनाउन पूर्वतयारी तथा पूर्वसूचनामा थप लगानी आवश्यक पर्ने उनको भनाइ छ । 'पछिल्लो समय पूर्वसूचनाका कारण धनजनको क्षति न्यून भएको छ । पहिलापहिला तराईमा बाढीका कारण बढी क्षति पुग्थ्यो । पूर्वसूचना प्रणाली पनि तराईका नदीमा जडान भएका छन्,' पराजुलीले भने, 'तर, पहाड र हिमाली क्षेत्रमा पूर्वसूचना प्रणाली कम छन् । बाढीका घटना पहाड र हिमालमा पनि हुन थालेकाले अब ती क्षेत्रमा पनि पूर्वसूचना प्रणाली जडान गर्न आवश्यक छ ।'

जलवायु तथा विपद् व्यवस्थापनविद् डा. धर्मराज उप्रेतीले पनि जलवायु परिवर्तनको असरका कारण बाढीको घटना अब तराई केन्द्रित मात्र नभइ हिमाल तथा पहाडी क्षेत्रमा बढ्दै गएको भन्दै अनुकूलनका कार्यक्रम सञ्चालन गर्न आवश्यक रहेको बताए । 'बाढीबाट हुने धनजनको क्षति न्यूनीकरण गर्न पूर्वसूचनाको पहुँच अब सबै क्षेत्रमा हुनुपर्छ,' उनले भने । उप्रेतीका अनुसार जलवायु परिवर्तनका कारण हिमताल फुट्ने जोखिम बढिरहेको छ र जसका कारण एक्कासि बाढी आउँदा धनजनको क्षति हुन थालेको छ ।

# झरना साहित्यमा गायत्रीको नेतृत्व

साझाकुरा संवाददाता

हेटौंडा, ८ भदौ/झरना साहित्यिक परिवार मकवानपुरको अध्यक्षमा गायत्री रुपाखेती चयन भएकी छिन् । बकैया गाउँपालिका-४ स्थित महेन्द्र माविमा भएको पाँचौं अधिवेशनले रुपाखेतीको अध्यक्षतामा १० सदस्यीय कार्यसमिति चयन गरेको हो ।

आगामी तीनवर्षको लागि निर्वाचित कार्यसमितिको उपाध्यक्षमा कृष्ण घतानी, सचिवमा नीलहरि ढुङ्गेल, कोषाध्यक्षमा अजर फुँयाल र सहसचिवमा अमृता लामिछाने रहेका छन् । त्यसैगरी सदस्यहरुमा हरिप्रसाद घिमिरे, मन्जु दाहाल, विजय दोङ, स्वस्तिका दाहाल र शिवप्रसाद बोलखे चयन भएका छन् । झरना साहित्यिक परिवारका अध्यक्ष विश्वनाथ सन्जेलको अध्यक्षता तथा बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा बकैया-४ का वडाध्यक्ष लक्ष्मी जिम्बा, बकैया गाउँपालिकाकी कार्यपालिका सदस्य लक्ष्मी माझी, संस्थाका संस्थापक अध्यक्ष रमेशमोहन अधिकारी, पूर्वअध्यक्ष उद्धव सापकोटा, संरक्षक जनार्दन खनाल, परशुराम गौतम लगायतको आतिथ्य रहेको थियो ।

यस्तै पुरस्कार संस्थापक चन्द्रकुमार राई, पूर्वसल्लाहकार भरत सापकोटा, महेन्द्र माध्यमिक विद्यालयका प्रधानाध्यापक खेम बिक, आँचल साहित्य कला पुञ्जकी अध्यक्ष भावना सापकोटा, श्यामप्रसाद शर्मा स्मृति प्रतिष्ठानका महासचिव सुवास खनाल, आजीवन सदस्यहरु ह्यग्रीव आचार्य, बलराम घिमिरे, ओमभक्त भण्डारीलगायतको उपस्थिति रहेको थियो । तीन दशकभन्दा लामो समयदेखि मकवानपुरमा सक्रिय साहित्यिक संस्थाले उत्कृष्ट कार्य गरेवापत एक लाख नगदसहित 'हेमराज पहरी स्मृति पुरस्कार' प्राप्त गरेको छ । संस्थाले आफ्नै नाममा दुई कठ्ठा जग्गा प्राप्त गरी भवन निर्माणका लागि डिपिआर तयार गरिसकेको संस्थाका निवर्तमान सचिव मसान उपासकले जानकारी दिएका छन् ।

# नेपाल पानी उद्योग महासंघको दोस्रो पूर्णबैठक सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, ८ भदौ/नेपाल पानी उद्योग महासंघको दोस्रो पूर्णबैठक कोशी प्रदेशको राजधानी मोरङको बिराटनगरमा सम्पन्न भएको छ ।

बैठकले महत्वपूर्ण निर्णय गरेको छ । बैठकमा महासंघको संस्थागत सुदृढीकरण, प्रदेश तथा जिल्ला तहमा संगठनको सक्रियता अभिवृद्धि गर्ने, पानी उद्योग व्यवसायीको हकहित संरक्षण गर्ने, पानी उद्योगमा देखिएका समस्या समाधानका लागि सरकारसँग आवश्यक पहल गर्ने लगायत विषयमा छलफल भएर निर्णय भएको महासंघले जनाएको छ । बैठकले महासंघलाई अझ सबल, सशक्त र प्रभावकारी बनाउनका लागि आगामी दिनमा अपनाउनुपर्ने रणनीति, नीति तथा कार्यक्रम तय गर्दै विभिन्न महत्वपूर्ण निर्णय पारित गरको महासंघका महासचिव ध्रुबप्रसाद अधिकारीले बताए ।

नेपाल पानी उद्योग महासंघ आफ्नो उद्देश्यप्रति सदैव प्रतिबद्ध रहँदै उद्योग व्यवसायको सुदृढ विकास, गुणस्तरीय पानी उत्पादन, उपभोक्ताअधिकार संरक्षण र दिगो उद्योग प्रवर्द्धनका लागि निरन्तर क्रियाशील रहने भएको छ । महासंघको बैठक कोशी प्रदेश समन्वय समितिले सहजीकरण गरेको थियो ।

# हेटौंडामा हैजाको उच्चजोखिम: खानेपानी बोर्डद्वारा सतर्कता



साझाकुरा संवाददाता

हेटौंडा, ८ भदौ/हैजा तथा झाडापखालाको महामारी छिमेकी जिल्ला पर्साको वीरगञ्जसम्म फैलिएकोले हेटौंडा क्षेत्रमा उच्च जोखिम रहने भन्दै हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले सतर्कता अपनाउन आग्रह गरेको छ ।

बोर्डले आइतबार सार्वजनिक गरेको सूचनामा रोग फैलिन नदिन तत्काल सतर्कता अपनाउन नगरवासीलाई आग्रह गरिएको छ । 'हैजा र झाडापखाला जस्ता महामारीजन्य रोगको रोकथाम सबैको साझा जिम्मेवारी हो,' सूचनामा उल्लेख छ । बोर्डले अपील गर्दै पिउने पानी अनिवार्य उमालेर वा पियूष, वाटर गार्ड, क्लोरिन प्रयोग गरी मात्र सुरक्षित रुपमा पिउन, खानपानमा विशेष ध्यान दिन, खानेकुरा राम्ररी पकाएर मात्र सेवन गर्ने र फलफूल तथा काँचो खानेकुरालाई शुद्ध पानीले धोएर मात्र प्रयोग गर्न सुझाव दिएको छ ।

नियमितरुपमा सर सफाइमा ध्यान दिन, पटकपटक हातधुने बानी बसाल्न र वरपर सफा राख्न अनुरोध गरिएको छ । खानेपानीको गुणस्तर जाँच गर्न बोर्डको कार्यालय वा हेटौंडा उपमहानगर पालिकामा रहेको प्रयोगशालामा सम्पर्क गर्न सकिने जानकारी दिइएको छ । त्यस्तै, कतै पाइप फुटी पानी लिकेज भएमा तत्काल बोर्डलाई जानकारी गराउन आग्रह गरिएको छ ।

# मकवानपुरका स्थानीय तहबाट ३२ करोड सशर्त अनुदान फिर्ता

साझाकुरा संवाददाता




हेटौंडा, ८ भदौ/ मकवानपुरका स्थानीय तहहरुले आर्थिक वर्ष २०८१/८२ मा सशर्त अनुदानतर्फ खर्च गर्न नसकेको ३२ करोड २२ लाख रुपैयाँ फिर्ता गरेका छन् ।

कोष तथा लेखानियन्त्रण कार्यालयका अनुसार जिल्लाका १० वटै स्थानीय तहले आर्थिक वर्ष २०८१/८२ मा खर्च गर्न नसकेको रकम फिर्ता गरेको हो । आर्थिक वर्ष २०८१/८२ मा सशर्त अनुदानतर्फ दुई अर्ब ९४ करोड, वित्तीय समानीकरण अनुदानतर्फ एक अर्ब १२ करोड ३४ लाख, समपूरक अनुदानतर्फ पाँच करोड ५७ लाख र विशेष अनुदानतर्फ तीन करोड ५० लाख निकासा गरिएकामा खर्च गर्न नसकेर ३२ करोड २२ लाख फिर्ता आएको हेटौंडाका कोष तथा लेखानियन्त्रण कार्यालयप्रमुख दिनेश रेग्मीले जानकारी दिए ।

विभिन्न कारणले स्थानीय तहले समयमा कार्यक्रम गर्न नसक्नु, समयमा योजना सफल गर्न नसक्नुलगायत कारणले सशर्त अनुदानतर्फको बजेट फिर्ता भएको प्रमुख रेग्मीले बताए । त्यसैगरी, बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ मा खर्च गर्न नसकेको ४२ करोड फिर्ता भएको प्रमुख रेग्मीले बताए ।

बागमती प्रदेश सरकार लाई आर्थिक वर्ष २०८१/८२ मा ११ अर्ब ९६ करोड बजेट निकासा दिएपनि ११ अर्ब ४७ करोडमात्र खर्च गर्न सकेकाले ४९ करोड रकम फिर्ता भएको प्रमुख रेग्मीको भनाइ छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना